# आगामी आर्थिक वर्ष २०७८/७९ को बजेट
# तथा त्रिवर्षीय मध्यमकालीन खर्च संरचनाको खाका सहितको बजेट
# तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा, २०७७


नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

सिंहदरबार, काठमाडौं

माघ २०७७

# विषयसूची


१. पृष्ठभूमि १

२. पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१) २

३. दिगो विकास लक्ष्य ९

४. समष्टिगत आर्थिक खाका १०

५. कोभिड-१९ पश्चातको अर्थतन्त्र पुनरुत्थान रणनीति १०

६. समष्टिगत मार्गदर्शन ११

७. संघ, प्रदेश र स्थानीय तहमा सञ्चालन हुने कार्यक्रम तथा आयोजना १३

७.१ संघबाट सञ्चालन हुने कार्यक्रम/आयोजनाको मापदण्ड १४

७.२ प्रदेशबाट सञ्चालन हुने कार्यक्रम/आयोजनाको मापदण्ड १५

७.३ स्थानीय तहबाट सञ्चालन हुने कार्यक्रम/आयोजनाको मापदण्ड १६

८. खर्च प्रभावकारिता तथा मितव्ययिता १६

८.१ प्रशासनिक तथा चालु खर्च १७

८.२ पुँजीगत खर्च १८

८.३ वित्तीय व्यवस्था १९

८.४ अन्तर सरकारी वित्त हस्तान्तरण १९

९. मध्यमकालीन खर्च संरचना तर्जुमा २०

१०. कार्यक्रम तथा आयोजना छनोट तथा प्रस्ताव २१

११. आयोजना बैंक, कार्यक्रम/आयोजना छनोट तथा प्रस्ताव २२

१२. कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन २२

१३. संलग्न गर्नुपर्ने विवरण २२


**अनुसूचीहरू**


अनुसूची १ संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ बमोजिम विकास कार्यक्रम तथा आयोजना वर्गीकरणका आधारहरू २४

अनुसूची २ प्रदेशमा हस्तान्तरण हुने कार्यक्रम/आयोजनाहरूको विवरणको ढाँचा ४२

अनुसूची ३ स्थानीय तहमा हस्तान्तरण हुने कार्यक्रम/ आयोजनाहरूको विवरणको ढाँचा ४२

अनुसूची ४ आर्थिक वर्ष २०७८/७९ - २०८०/८१ को मध्यमकालीन खर्च संरचना (वार्षिक विकास कार्यक्रम समेत) मा समावेश गर्नुपर्ने विषयवस्तु ४३

अनुसूची ५ कार्यक्रमको प्राथमिकीकरण, सांकेतीकरण तथा त्रिवर्षीय खर्च र स्रोतको अनुमान तथा प्रक्षेपणको ढाँचा ४५

| | |
|---|---|
| अनुसूची ६ प्रति एकाइ लागत अनुमान | ४७ |
| अनुसूची ७ कार्यक्रम/आयोजना प्राथमिकीकरणका आधार | ४८ |
| अनुसूची ८ विकास आयोजना/कार्यक्रमको प्राथमिकीकरणको आधारमा अंक प्रदान गर्ने तरिका | ५७ |
| अनुसूची ९ चालु आयोजनाको लागि राष्ट्रिय आयोजना बैंकमा आयोजना प्रस्ताव गर्ने ढाँचा | ६३ |
| अनूसुची १० राष्ट्रिय आयोजना बैंकमा नयाँ आयोजना प्रस्ताव गर्ने ढाँचा | ७७ |

# आगामी आर्थिक वर्ष २०७८/७९ को बजेट
# तथा त्रिवर्षीय मध्यमकालीन खर्च संरचनाको खाका सहितको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा, २०७७

## १. पृष्ठभूमि

आर्थिक वर्ष २०७७/७८ पन्ध्रौं योजना (२०७६/७७- २०८०/८१) को दोस्रो वर्ष हो। यस योजनाले दीर्घकालीन सोच २१०० को मार्गचित्रमा निर्धारित दीर्घकालीन सोच तथा लक्ष्य एवम् पन्ध्रौं योजनाको उद्देश्य तथा राष्ट्रिय लक्ष्य हासिल हुने गरी सफल कार्यान्वयन गर्नु पर्नेछ। साथै, सन् २०१९ को अन्त्यबाट विश्वव्यापी रूपमा फैलएको कोभिड-१९ को प्रभाव र नेपालमा परेको असर तथा प्रभावलाई सम्बोधन हुने गरी आगामी मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तर्जुमा तथा विकास कार्यक्रमको छनोट, प्राथमिकीकरण तथा बजेट व्यवस्थापन गर्दा ध्यान दिनु पर्नेछ।

पन्ध्रौं योजनामा तीव्र आर्थिक विकास तथा समृद्धि र नागरिकको परिष्कृत तथा मर्यादित जीवन सहित उच्च आयस्तर भएको मुलुकमा रूपान्तरण गर्ने दूरगामी सोच लिइएको छ। साथै, सुशासन, आर्थिक विकास, समृद्धि र समतामूलक समाज निर्माणको आधार तयार गर्ने लक्ष्य रहेको छ। तसर्थ, यस मार्गदर्शनले पन्ध्रौ योजनामा उल्लिखित सोच, लक्ष्य, उद्देश्य र रणनीतिको कार्यान्वयन गर्ने गरी मध्यमकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम र बजेट तर्जुमा गर्न सहयोग गर्ने, लक्षित उपलब्धि हासिल गर्नुका साथै प्रदेश र स्थानीय तहलाई विकास योजना तर्जुमाको लागि नीतिगत मार्गदर्शन समेत प्रदान गर्नेछ।

सन् २०३० भित्रै दिगो विकास लक्ष्य हासिल गर्न यी लक्ष्यहरूको आन्तरिकीकरण र स्थानीयकरण सहित कार्यान्वयनमा तीव्रता दिने गरी दिगो विकास लक्ष्य मैत्री योजना र कार्यक्रम तर्जुमा गर्नुपर्ने छ। आर्थिक वर्ष २०७८/७९ को वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा गर्दा राष्ट्रिय गौरवका आयोजना एवम् रूपान्तरणकारी आयोजनाको कार्यान्वयन तथाआर्थिक समृद्धिको आधार निर्माण गर्ने प्रकृतिका विकासका कार्यक्रम तथा आयोजनाको छनोट, प्राथमिकीकरण र निर्धारित अवधि भित्र तोकिएको लागतमै सम्पन्न गर्ने गरी आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिनु पर्नेछ।

साथै, कोभिड-१९ को कारण प्रभावित क्षेत्र/उपक्षेत्रलाई प्राथमिकता दिँदै रोजगारी सिर्जना एवम् शीघ्र समग्र अर्थतन्त्रको पुनरुत्थान हुने गरी पन्ध्रौं योजनाले लिएका लक्ष्य, उद्देश्य तथा अपेक्षित उपलब्धि हासिल हुने गरी कार्यक्रम/आयोजना छनोट र प्राथमिकीकरण गरी आ.व. २०७८/७९ वार्षिक विकास कार्यक्रम तथा बजेट र मध्यमकालीन खर्च संरचना (२०७८/७९-२०८०/८१) तर्जुमा गर्नु पर्नेछ।

सुशासन, विकास र समृद्धिको राष्ट्रिय आकाङ्क्षा हासिल गर्न उच्च आर्थिक वृद्धि र उत्पादनमूलक रोजगारी सिर्जना गर्ने र अर्थतन्त्रलाई सबल र समुन्नत बनाउने कार्यक्रम/आयोजनालाई प्राथमिकता दिनुपर्नेछ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६ मा "योजना आयोगले आवधिक योजनाको आधारमा प्रत्येक आर्थिक वर्षमा तीन वर्ष अवधिको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने र प्रत्येक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीतिको आधारमा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने" व्यवस्था छ। मध्यमकालीन खर्च संरचनामा समावेश हुने र वार्षिक बजेटमा रकम विनियोजन गरिने आयोजनाहरू राष्ट्रिय आयोजना बैंकमा प्रविष्ट गर्नुपर्ने व्यवस्था पनि सोही ऐनको दफा ९ र १७ मा व्यवस्था रहेको छ। उक्त ऐनमा उल्लेख भएका आर्थिक तथा वित्तीय स्थायित्व, तीन तहको सरकारको अन्तरसम्बन्ध तथा समन्वय, नतिजामूखी बजेट र सार्वजनिक खर्चको

जवाफदेहिताका विषयहरू व्यवहारमा हासिल गर्न पनि मध्यमकालीन खर्च संरचना महत्वपूर्ण रहेको छ। यसका अतिरिक्त नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत कार्यविस्तृतीकरण प्रतिवेदन, अन्तर प्रदेश परिषद् को मिति २०७५/९/३ को निर्णय बमोजिमको संघीयता सहजीकरण कार्यान्वयन कार्ययोजना, संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ ले पनि तहगत सरकारको वार्षिक तथा चक्रिय योजना निर्माणमा महत्वपूर्ण आधार निर्धारण गरेका छन्। यसै आधारमा आयोजना/कार्यक्रम वर्गीकरण गरी मध्यमकालीन खर्च संरचनामा कार्यक्रम प्रस्ताव गर्नु पर्नेछ। वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दा दिगो विकास लक्ष्य हासिल गर्ने गरी दिगो विकास लक्ष्यको आवश्यकता आँकलन र लगानी खाकालाई समेत ध्यान दिनु पर्नेछ।

## २. पन्ध्रौं योजना (२०७६/७७- २०८०/८१)

पन्ध्रौं योजनामा उल्लेख भएका देहायका पक्षलाई सम्बोधन हुने गरी मध्यमकालीन खर्च संरचना र बजेट तथा कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ। पन्ध्रौं योजनाले लिएका राष्ट्रिय सोच, लक्ष्य, उद्देश्य, रणनीति, रूपान्तरणका संवाहक र प्रमुख क्षेत्रगत रणनीति  देहाय बमोजिम छन्।

### राष्ट्रिय सोच

**"समृद्ध नेपाल, सुखी नेपाली"**

समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र, सघन अन्तरआबद्धता तथा उच्च उत्पादकत्व भएको, समान अवसर प्राप्त, स्वस्थ, शिक्षित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक।

### राष्ट्रिय लक्ष्य

पन्ध्रौं योजना “समृद्ध नेपाल, सुखी नेपाली” को दीर्घकालीन सोच हासिल गर्ने आधार योजनाको रूपमा रहने छ। सो बमोजिम समृद्ध अर्थतन्त्र, सामाजिक न्याय तथा परिष्कृत जीवन सहितको समाजवाद उन्मुख लोककल्याणकारी राज्यको रूपमा रूपान्तरण गर्दै उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने आधार निर्माण गर्ने राष्ट्रिय लक्ष्य पन्ध्रौं योजनाले लिएको छ।

### प्रमुख परिमाणात्मक राष्ट्रिय लक्ष्यहरू

दीर्घकालीन सोच योजनाका परिमाणात्मक राष्ट्रिय लक्ष्य र गन्तव्य देहाय बमोजिम रहेका छन्।

***समृद्धिका राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक***

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०८०/८१ को लक्ष्य | आ.व. २१००/०१ को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | **उच्च र समतामूलक राष्ट्रिय आय** | | | | |
| १.१ | **औद्योगिक राष्ट्रको स्तरको उच्च आय** | | | | |
| १.१.१ | आर्थिक वृद्धिदर[1] | प्रतिशत | ६.८ | १०.३ | १०.५ |
| १.१.२ | प्रतिव्यक्ति कुल राष्ट्रिय आय[1] | अमेरिकी डलर | १,०४७ | १,५९५ | १२,१०० |
| १.२ | **गरिबीको अन्त्य** | | | | |

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०८०/८१ को लक्ष्य | आ.व. २१००/०१ को लक्ष्य |
|---|---|---|---|---|---|
| १.२.२ | गरिबीको रेखामुनि रहेको जनसंख्या (निरपेक्ष गरिबी)[२] | प्रतिशत | १८.७ | ९.५ | ० |
| १.३ | **राष्ट्रिय आम्दानीमा तल्लो ४० प्रतिशत जनसंख्याको हिस्सा** | | | | |
| १.३.१ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात (Palma ratio) | अनुपात | १.३ | १.२५ | १.१ |
| १.३.२ | सम्पत्तिमा आधारित जिनी गुणक (Gini Coefficient)[३] | गुणक | ०.३१ | ०.२९ | ०.२५ |
| २ | **मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग** | | | | |
| २.१ | **स्वस्थ र लामो आयु भएका नेपाली** | | | | |
| २.१.१ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९.७ | ७२ | ८० |
| २.१.२ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | संख्या | २३९ | ९९ | २० |
| २.१.३ | ५ वर्ष मुनिका बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा)[३] | संख्या | ३९ | २४ | ८ |
| २.२ | **गुणस्तरीय, रोजगारमूलक तथा जीवनोपयोगी शिक्षा प्राप्त नागरिक** | | | | |
| २.२.१ | साक्षरता दर (१५ वर्ष माथि)[४] | प्रतिशत | ५८ | ९५ | ९९ |
| २.२.२ | युवा साक्षरता दर (१५-२४ वर्ष)[४] | प्रतिशत | ९२ | ९९ | १०० |
| २.२.३ | आधारभूत तह (१-८) मा खुद भर्नादर | प्रतिशत | ९३ | ९९ | |
| २.२.४ | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ४६ | ६५ | ९५ |
| २.२.५ | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | १२ | २२ | ४० |
| २.२.६ | काम गर्ने उमेर समूहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या | प्रतिशत | ३१ | ५० | ७० |
| २.३ | **उत्पादनशील र मर्यादित रोजगारी** | | | | |
| २.३.१ | श्रम सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३८.५ | ४९ | ७२ |
| २.३.२ | बेरोजगारी दर | प्रतिशत | ११.४ | ६ | ३ |
| २.३.३ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | ५० | ७० |
| ३ | **सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तरआबद्धता** | | | | |
| ३.१ | **सर्वसुलभ, सुरक्षित र आधुनिक यातायात** | | | | |

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०८०/८१ को लक्ष्य | आ.व. २१००/०१ को लक्ष्य |
|---|---|---|---|---|---|
| ३.१.१ | राष्ट्रिय र प्रादेशिक लोकमार्ग (२ लेन सम्मको) | कि.मि. | ७,७९० | २०,२०० | ३३,००० |
| ३.१.२ | राष्ट्रिय लोकमार्ग (२ लेन माथि, द्रुतमार्ग समेत) | कि.मि. | ९६ | १,१७४ | ३०० |
| ३.१.३ | रेलमार्ग | कि.मि. | ४२ | २४१ | २२०० |
| ३.२ | **पूर्वाधारमा पहुँच तथा आबद्धता** | | | | |
| ३.२.१ | ३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ८२ | ९५ | १०० |
| ३.२.२ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ८८ | १०० | १०० |
| ३.२.३ | इन्टरनेटमा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | ६५.९ | ८० | १०० |
| ४ | **उच्च र दिगो उत्पादन तथा उत्पादकत्व** | | | | |
| ४.१ | **अर्थतन्त्रमा क्षेत्रगत योगदान** | | | | |
| ४.१.१ | प्राथमिक क्षेत्र (कृषि, वन र खानि)[१] | प्रतिशत | २७.६ | २३. ० | ९ |
| ४.१.२ | द्वितीय क्षेत्र (उत्पादनमूलक उद्योग, विद्युत, ग्यास र पानी तथा निर्माण)[१] | प्रतिशत | १४.६ | १८.१ | ३० |
| ४.१.३ | तृतीय क्षेत्र (सेवा)[१] | प्रतिशत | ५७.८ | ५८.९ | ६१ |
| ४.२ | **स्वच्छ ऊर्जाको उत्पादन तथा उपभोग** | | | | |
| ४.२.१ | विद्युत उत्पादन (जडित क्षमता) | मेगावाट | १,२५० | ५,८२० | ४०,००० |
| ४.२.२ | प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट घण्टा | २४५ | ७०० | ३,५०० |
| ४.३ | **व्यापार सन्तुलन** | | | | |
| ४.३.१ | वस्तु तथा सेवाको निर्यात (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | अनुपात | ९.० | १५.७ | |
| ४.३.२ | वस्तु तथा सेवाको आयात (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | ५०.८ | ५१ | |
| ४.४ | **राष्ट्रिय तथा क्षेत्रगत उत्पादकत्व** | | | | |
| ४.४.१ | श्रम उत्पादकत्व | रू. हजारमा | १८४.६ | २७६ | २,०३५ |
| ४.४.१ | कृषि उत्पादकत्व (प्रमुख बाली) | मे.ट. प्रति हेक्टर | ३.१ | ४ | ५ |

स्रोत: पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१)

*सुखका राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक*

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०८०/८१ को लक्ष्य | आ.व. २१००/०१ को लक्ष्य |
|---|---|---|---|---|---|
| ५ | **परिष्कृत तथा मर्यादित जीवन** | | | | |
| ५.१ | **नागरिक स्वस्थता तथा सन्तुष्टि** | | | | |
| ५.१.१ | मानव विकास सूचकांक[२] | सूचकांक | ०.५७९ | ०.६२४ | ०.७६० |
| ५.१.२ | नागरिक सन्तुष्टिको अनुभूति सूचकांक[२] | सूचकांक | ४.७ | ५.१ | |
| ५.१.३ | बहुआयामिक गरिबीमा रहेको जनसंख्या[३] | प्रतिशत | २८.६ | ११.५ | ३ |
| ५.१.४ | ५ वर्ष मुनिका कम तौल भएका बालबालिका[१] | प्रतिशत | २७ | १५ | २ |
| **५.२** | **सुरक्षित तथा सुविधासम्पन्न आवास** | | | | |
| ५.२.१ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ४० | ६० | ९९ |
| ५.२.२ | आधारभूत खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | ८८ | ९९ | |
| ५.२.३ | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | २१ | ४० | ९५ |
| ५.३ | **भौतिक तथा आधुनिक सम्पत्ति माथिको समतामूलक पहुँच वा स्वामित्व** | | | | |
| ५.३.१ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार[४] | प्रतिशत | ८५.३ | ८९ | |
| ५.३.२ | सार्वजनिक धितोपत्रमा लगानी गर्ने जनसंख्या | प्रतिशत | ४.४ | २० | |
| ६ | **सुरक्षित, सभ्य र न्यायपूर्ण समाज** | | | | |
| ६.१ | **विभेद, हिंसा र अपराधमुक्त समाज** | | | | |
| ६.१.१ | लैंगिक विकास सूचकांक[२] | सूचकांक | ०.८९७ | ०.९६३ | ०.९९ |
| ६.१.२ | लैंगिक असमानता सूचकांक[२] | सूचकांक | ०.४७६ | ०.३९ | ०.२५ |
| ६.१.३ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | २४.४ | १३ | |
| ६.१.४ | दर्ता भएका लैंगिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | अनुपात | ८८.९ | १०० | |
| ६.२ | **सामाजिक-सांस्कृतिक विविधता** | | | | |

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०८०/८१ को लक्ष्य | आ.व. २१००/०१ को लक्ष्य |
|---|---|---|---|---|---|
| ६.२.१ | मातृभाषामा पठनपाठन हुने विद्यालय | संख्या | २७० | ३२४ | |
| ६.३ | **सामाजिक सुरक्षा तथा संरक्षण** | | | | |
| ६.३.१ | राष्ट्रिय बजेटमा सामाजिक सुरक्षा खर्च | प्रतिशत | ११.७ | १३.७ | १७ |
| ६.३.२ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | १७ | ६० | १०० |
| ७ | **स्वस्थ र सन्तुलित पर्यावरण** | | | | |
| ७.१ | **प्रदूषणमुक्त र स्वच्छ वातावरण** | | | | |
| ७.१.१ | ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको अनुपात | प्रतिशत | ७ | १२ | ५० |
| ७.१.२ | वायु प्रदूषणको औसत मात्रा (पि पि एम २.५) | माइक्रोग्राम प्रति घनमिटर | ५० | ४० | ३० |
| ७.२ | **पर्यावरणीय सन्तुलन र दिगो उपयोग** | | | | |
| ७.२.१ | वन जङ्गल घनत्व | रूख प्रति हेक्टर | ४३० | ४५० | |
| ७.२.२ | काठ उत्पादन | घनफिट (लाख) | १९४ | ३०० | |
| ७.३ | **जलवायु परिवर्तन अनुकूलनशीलता** | | | | |
| ७.३.१ | अनुकूलन योजना तयार भई कार्यान्वयन भएका स्थानीय तह | संख्या | २१७ | ६५० | |
| ८ | **सुशासन** | | | | |
| ८.१ | **विधिको शासन** | | | | |
| ८.१.१ | विधिको शासन सूचकांक[५] | सूचकांक | ०.५४ | ०.५८ | |
| ८.१.२ | विश्वव्यापी प्रतिष्पर्धी सूचकांक[६] | सूचकांक | ५१.६ | ६० | |
| ८.१.३ | व्यवसाय सहजीकरण सूचकांक[७] | सूचकांक | ६३.२ | ६८ | |
| ८.२ | **सार्वजनिक सदाचार, पारदर्शिता र जवाफदेहिता** | | | | |
| ८.२.१ | भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकांक[८] | सूचकांक | ३४ | ४१ | ८० |
| ८.२.२ | 'हेलो सरकार'मा प्राप्त उजुरीको फर्छ्यौट | प्रतिशत | ४८.९३ | ९८ | |
| ९ | **सबल लोकतन्त्र** | | | | |
| ९.१.१ | निर्वाचनमा मतदाताको सहभागिता | प्रतिशत | ६८.६७ | ७२ | ८० |

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०८०/८१ को लक्ष्य | आ.व. २१००/०१ को लक्ष्य |
|---|---|---|---|---|---|
| ९.१.२ | मुद्दा फैसला | प्रतिशत | ५६.५ | ६० | ९५ |
| ९.१.३ | फैसला कार्यान्वयन | प्रतिशत | ३९ | ६० | १०० |
| १० | **राष्ट्रिय एकता, सुरक्षा र सम्मान** | | | | |
| १०.१ | **नेपालीत्वको उच्च भावना** | | | | |
| १०.१.१ | राष्ट्रिय परिचयपत्र प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | - | १०० | |
| १०.१.२ | नेपालीलाई गन्तव्य मुलुकको अध्यागमनमा प्रवेशाज्ञा प्रदान गर्ने मुलुक | संख्या | ३५ | ६० | ९५ |
| १०.२ | **मानव तथा अन्य सुरक्षा** | | | | |
| १०.२.१ | पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता[1] | प्रतिशत | ५६ | १०० | १०० |
| १०.२.२ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार[1] | प्रतिशत | ४८.२ | ८० | १०० |
| १०.२.३ | आत्महत्या दर (प्रति लाख जनसंख्यामा) | संख्या | १० | ५ | ० |
| १०.३ | **विपद् उत्थानशील समाज र अर्थतन्त्र** | | | | |
| १०.३.१ | विपद्का घटनाबाट प्रभावित जनसंख्या | प्रति हजार | १७.१ | ९.८ | ५ |
| १०.३.२ | विपद्का घटनाबाट मृत्यु हुने जनसंख्या | प्रति लाख | १.६ | १ | |
| १०.४ | **अत्यावश्यक वस्तु र सेवामा आत्मनिर्भरता** | | | | |
| १०.४.१ | कुल आयातमा अत्यावश्यक वस्तु (कृषि उपज, जीवजन्तु र खाद्य पदार्थ) को अंश | प्रतिशत | १४.७ | ५ | |

स्रोत: पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१)

### राष्ट्रिय उद्देश्य

१. सर्वसुलभ, गुणस्तरीय र आधुनिक पूर्वाधार निर्माण, उत्पादनशील र मर्यादित रोजगारी अभिवृद्धि, उच्च, दिगो र समावेशी आर्थिक वृद्धि तथा गरिबी निवारण गर्दै समृद्धिको आधार निर्माण गर्नु।

२. गुणस्तरीय स्वास्थ्य तथा शिक्षा, स्वस्थ तथा सन्तुलित वातावरण, सामाजिक न्याय र गुणस्तरीय एवम् जवाफदेही सार्वजनिक सेवा कायम गरी संघीय शासन व्यवस्थाको सुदृढीकरण गर्दै नागरिकलाई मर्यादित र परिष्कृत जीवनयापनको अनुभूति गराउनु।

३. सामाजिक-आर्थिक रुपान्तरण तथा स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशको स्वाभिमान, स्वतन्त्रता र राष्ट्रिय हितको संरक्षण गर्नु।

**राष्ट्रिय रणनीति**

आगामी आर्थिक वर्ष २०७८/७९ को वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा र मध्यमकालीन खर्च संरचना तयारी गर्दा देहायका राष्ट्रिय रणनीतिका आधारमा कार्यक्रम/आयोजनाको छनोट तथा प्राथमिकीकरण र पुनः प्राथमिकीकरण गर्ने।

१. तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने

२. सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चितता गर्ने

३. आन्तरिक तथा अन्तरदेशीय अन्तरआबद्धता एवम् दिगो सहर/बस्ती विकास गर्ने

४. उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने

५. पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने

६. गरिबी निवारण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने

७. प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलता विकास गर्ने

८. सार्वजनिक सेवाको सुदृढिकरण प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्बर्द्धन गर्ने

**रूपान्तरणका संवाहक**

देहाय बमोजिमका रूपान्तरणका सम्वाहकलाई प्राथमिकतामा राखी वार्षिक विकास कार्यक्रम तथा बजेट प्रस्ताव गर्नु पर्नेछ।

१. गुणस्तरीय एकीकृत यातायात प्रणाली, सूचना तथा सञ्चार पूर्वाधार निर्माण तथा बृहत् सञ्जालीकरण गर्ने;
२. गुणस्तरीय मानव पुँजी निर्माण गर्दै उद्यमशील कार्य संस्कृतिको विकास र सम्भावनाको पूर्ण उपयोग गर्ने;
३. जल विद्युत् उत्पादन वृद्धि गर्दै हरित अर्थतन्त्रलाई बढावा दिने,
४. उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने,
५. गुणस्तरीय पर्यटन प्रवर्द्धन गरी पर्यटन सेवाको विकास, विस्तार र उपयोग गर्ने,
६. आधुनिक, दिगो र व्यवस्थित शहरीकरण तथा बस्ती विकास गर्ने,
७. प्रादेशिक र स्थानीय अर्थतन्त्रको विकास र सुदृढीकरण गर्ने,
८. सामाजिक संरक्षण र सुरक्षाको प्रत्याभूति, र
९. शासकीय सुधार सुशासन अभिवृद्धि।

**सहयोगी क्षेत्रहरू**

१. संविधान, लोकतन्त्र र विकास प्रतिको राजनीतिक प्रतिबद्धता,

२. जनसांख्यिक लाभ र नागरिक सचेतना,

३. भौगोलिक अवस्थिति र प्राकृतिक विविधता तथा सम्पन्नता,

४. सामाजिक-सांस्कृतिक विविधता तथा मौलिक पहिचान,

५. सामाजिक पुँजी र विश्वभर फैलिएका नेपाली समुदाय,

६. स्वच्छ र नवीकरणीय उर्जा,

७. मित्रराष्ट्र र अन्तराष्ट्रिय समुदायको सद्भाव, र

८. संघीय शासन प्रणाली र वित्तीय संघीयता।

यसका अतिरिक्त आर्थिक वर्ष २०७८/७९ को बजेट तथा कार्यक्रम र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तयार गर्दा पन्ध्रौं योजनाको विषय क्षेत्रगत सोच, लक्ष्य उद्देश्य रणनीति तथा कार्यनीति, राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना तथा प्रमुख कार्यक्रम तयार गर्नुपर्नेछ।

## ३. दिगो विकास लक्ष्य

राष्ट्रिय योजना आयोगबाट स्वीकृत भएको "नेपालमा दिगो विकास लक्ष्यको आवश्यकता पहिचान, खर्चको आँकलन र  वित्तीय रणनीति"ले दिगो विकास लक्ष्य कार्यान्वयन गर्न नेपाललाई चाहिने आर्थिक स्रोतको आँकलन र स्रोतका सम्भाव्य क्षेत्र पहिचान गरेको छ। उक्त प्रतिवेदन अनुसार दिगो विकास लक्ष्य कार्यान्वयन गर्न नेपाललाई वार्षिक औषत रू. २०.२५ खर्ब लाग्ने देखिएको छ। उक्त रकम मध्ये वार्षिक औषत रू. ११.११ खर्ब सरकारी क्षेत्रबाट, वार्षिक औषत रू. ७.३९ खर्ब निजी क्षेत्रबाट, वार्षिक औषत रु ८७ अर्ब सहकारी तथा गैरसरकारी क्षेत्रबाट र वार्षिक औषत रू. ८८ अर्ब घरपरिवार क्षेत्रबाट लगानी गर्नुपर्ने अनुमान छ। सहकारी तथा गैरसरकारी क्षेत्रबाट र घरपरिवार क्षेत्रबाट उपलव्ध हुने सबै लगानी दिगो विकासका लक्ष्यहरू हासिल गर्न प्रयोग हुने अपेक्षा गरिएको छ। हालको लगानीको प्रवृत्ति हेर्दा सरकारी क्षेत्रबाट हुने लगानीमा वार्षिक औषत रू. २१८ अर्ब र निजी क्षेत्रबाट हुने लगानीमा वार्षिक औषत रू. ३६७ अर्ब गरी जम्मा वार्षिक औषत रू. ५८५ अर्ब दिगो विकास लक्ष्य हासिल गर्न नपुग हुने देखिन्छ। यस पृष्ठभूमिमा सन् २०३० भित्रै दिगो विकासका क्षेत्रगत लक्ष्य हासिल हुनेगरी देहायका विषयहरूलाई ध्यानमा राखी आगमा आर्थिक वर्ष २०७८/७९ को वार्षिक विकास कार्यक्रम तथा बजेट प्रस्ताव गर्नुपर्नेछ।

- दिगो विकास लक्ष्य,२०३० लाई विषय क्षेत्रगत योजनामा समावेश गरी सो अनुरूप वार्षिक विकास कार्यक्रम तथा बजेटमा आन्तरिकीकरण र स्थानीयकरण गर्ने।
- दिगो विकास लक्ष्य, २०३० का क्षेत्रगत लक्ष्यसँग सामञ्जस्यता गर्दै राष्ट्रिय लक्ष्यहरू हासिल गर्न नेपाल दिगो विकास लक्ष्यको “आवश्यकता पहिचान, वित्तीय खर्चको आँकलन र व्यवस्थापन रणनीति” ले आँकलन गरेको क्षेत्रगत वित्तीय आवश्यकतालाई मध्यनजर गर्दै वार्षिक विकास कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।
- आगामी पाँच वर्षमा निजी क्षेत्रको लगानीमा उल्लेख्य मात्रामा वृद्धि गर्नु पर्ने भएकोले यस क्षेत्रको लगानी प्रवर्द्धन गर्ने कार्यक्रम/आयोजनालाई वार्षिक विकास कार्यक्रम तथा बजेटमा प्राथमिकता दिने।
- दिगो विकास लक्ष्य प्राप्तिको लागि नेपालको प्रतिवद्धता अनुसार राष्ट्रिय लक्ष्य हासिल गर्न सघाउ पुऱ्याउने कार्यक्रमलाई प्राथमिकता दिई प्रस्ताव गर्ने।

## ४. समष्टिगत आर्थिक खाका

आर्थिक समृद्धि र समतामूलक समाज निर्माण गर्न, यस योजना अवधिमा दुई अंकको आर्थिक वृद्धिको नजिक पुग्ने गरी लक्ष्य हासिल गर्न, सघन, गुणस्तरीय र आधुनिक पूर्वाधार एवम् मानव पूँजी निर्माण गर्न, आम नागरिकको जीवनमा गुणात्मक सुधार गर्न निरपेक्ष गरिबीको अन्त्य गर्न तथा आय असमानतामा कमी ल्याउन, जनसांख्यिक लाभको उपयोग गर्न, कृषि र वनजन्य उत्पादनमा व्यावसायिकीकरण, उद्योग क्षेत्रको विस्तार र सेवा क्षेत्रको गुणस्तरीयता अभिवृद्धि गर्ने, स्वस्थ तथा शिक्षित नागरिक एवम् दक्ष मानव संशाधनको विकासद्वारा उत्पादनशील रोजगारी अभिवृद्धि गर्ने र विपद् तथा जोखिम उत्थानशील र जलवायु अनुकुलनशील उत्पादन र उत्पादकत्व वृद्धि गर्ने वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन प्रमुख विषयको रूपमा रहेको छ।

संवैधानिक कार्य जिम्मेवारी अनुरूप संघ, प्रदेश र स्थानीय तहसम्म स्रोत साधनको वितरण, जनशक्ति, संरचनागत एवम् संस्थागत प्रवर्धन र सबलीकरण मार्फत् शासकीय तथा वित्तीय संघीयताको कार्यान्वयन र सुदृढीकरण गर्न; प्रदेश तथा स्थानीय सरकारहरूको सक्रिय सञ्चालनबाट राष्ट्रिय सोच "**समृद्ध नेपाल, सुखी नेपाली**" को कार्यान्वयन गर्न र लक्षित उपलब्धि हासिल गर्ने दिशामा वार्षिक विकास कार्यक्रम र आयोजनाहरूको कार्यान्वयन र उपलब्धि मूल्याङ्कन हुने सुदृढ प्रणाली विकास गर्न अपरिहार्य रहेको छ। साथै, समृद्धि सिर्जनाको आधार तयार गर्न स्थानीय एवम् प्रादेशिक तहमा आर्थिक क्रियाकलाप वृद्धि आवश्यक हुने हुँदा त्यसको लागि आवश्यक पर्ने भौतिक एवम् सामाजिक पूर्वाधार निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखी वार्षिक विकास कार्यक्रम तथा बजेट प्रस्ताव गर्नु पर्नेछ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम आर्थिक तथा वित्तीय गतिविधिलाई व्यवस्थित गरी संघीय वित्तीय प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउन, समष्टिगत आर्थिक स्थायित्व कायम गर्न र संघ प्रदेश र स्थानीय तहको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने गरी बजेट विनियोजन, मध्यमकालीन खर्च संरचना तथा विकास कार्यक्रम तर्जुमा कार्यलाई बढी व्यवस्थित र यथार्थपरक बनाउनुपर्ने हुन्छ।

## ५. कोभिड-१९ पश्चातको अर्थतन्त्र पुनरुत्थान रणनीति

सन् २०१९ को अन्त्यतिरबाट विस्तार भएको कोरोना महामारी (Pandemic) विश्वव्यापी रूपमा फैलिएको कारण मानव जाती र सभ्यता माथि नै जटिल र अकल्पनीय अवस्था सिर्जना गरेको छ। यो महामारी कुनै आर्थिक-सामाजिक वर्ग, समूह वा क्षेत्रमा मात्र केन्द्रित नभई विश्वका २२४ मुलुक तथा क्षेत्र (Territories) मा ज्यामीतिय गति (Exponential rate) मा तीव्र रूपमा फैलिएको छ। नेपालमा पनि यो महामारीको प्रभाव समुदायस्तरमा फैलिई माघ १० सम्म २ लाख ६८ हजार ६४६ जना संक्रमित भएका छन् भने यसबाट १ हजार ९ सय ७९ जनाले ज्यान गुमाउनुका साथै अर्थतन्त्रले ठूलो क्षति व्यहोर्नुपरेको छ। उत्पादन, आपूर्ति शृङ्खला र बजार प्रणाली प्रभावित हुँदा आर्थिक क्रियाकला संकुचित भएका छन्। मुलुकमा रहेका उद्योगधन्दा

पूर्णरूपमा सञ्चालनमा आउन सकेका छैनन्। शिक्षा, स्वास्थ्य, पर्यटन, सेवा, निर्माण, हवाई सेवा तथा सार्वजनिक यातायात क्षेत्र प्रभावित भएका छन्। सहज आवागमनमा रहेको अवरोधका कारणले बजारसँग सम्बन्धित क्रियाकलाप स्वःस्फूर्त बन्न सकेका छैनन्।यसबाट उल्लेख्य संख्यामा रोजगारी गुमाएको आंकलन गरिएको छ।यसबाट निम्न तथा मध्यम वर्गको रोजगारी, आयआर्जन तथा क्रयशक्तिमा आएको ह्रासका कारण मागजन्य संकट (Demand shock) आएको छ। तसर्थ, आगामी आ.व. २०७८/७९ को वार्षिक विकास कार्यक्रम तथा बजेट र मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा देहायका रणनीति अवलम्बन गर्नु पर्नेछ।

१. निर्माण सम्पन्न हुन नसकेका आयोजनामध्ये थोरै काम मात्र बाँकी रहेका, बढी रोजगारी सिर्जना गर्ने र रणनीतिक महत्वका आयोजनालाई प्राथमिकता दिई पुनःप्राथमिकीकरण गरी सोही अनुसार रकम प्रस्ताव गर्ने।
२. कोभिड-१९ को कारण प्रभावित उद्योग-व्यवसाय तथा निर्माण लगायतका क्षेत्रको पुनर्स्थापना र पुनर्संचालनमा सहयोग पुऱ्याउने कार्यक्रममा बजेट विनियोजन गर्ने।

## ६. समष्टिगत मार्गदर्शन

वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा गर्दा उत्पादनशील रोजगारी सिर्जना, न्यायोचित वितरण तथा सामाजिक संरक्षण र सुरक्षा सहितको आर्थिक वृद्धि हासिल गर्न उपलब्ध स्रोत साधनको महत्तम परिचालन हुने गरी गर्नुपर्नेछ। निजी, सहकारी र सामुदायिक क्षेत्रहरूबाट गरिने लगानीको उत्पादन र उत्पादकत्व अभिवृद्धि तथा उद्यमशीलता प्रवर्द्धनद्वारा अर्थतन्त्रलाई उत्पादनमुखी, रोजगारमुलक र आत्मनिर्भर बनाउन, अर्थतन्त्रको संरचनात्मक परिवर्तन गर्न र योजनाका लक्ष्य, उद्देश्य र रणनीतिहरू कार्यान्वयन गर्ने दिशामा केन्द्रित हुनुपर्नेछ। आगामी वर्षको बजेट तथा कार्यक्रमले आवधिक योजनाले पहिचान गरेका रूपान्तरणका संवाहकको क्षेत्रमा लगानी केन्द्रित गर्दै अर्थतन्त्रका सहयोगी क्षेत्रको परिचालनद्वारा राष्ट्रिय अर्थतन्त्रको आकार वृद्धि गर्न सहयोग गर्नुपर्नेछ। यसको लागि स्वदेशी तथा बाह्य स्रोत र साधनको साथै अन्तरसरकारी वित्तको महत्तम परिचालनद्वारा तीनै तहको सरकारको कार्यमा सामञ्जस्यता कायम गरी आर्थिक समृद्धि र नागरिक सुखको अनुभूतिको आधार सिर्जना गर्ने गरी आयोजना तथा देहाय बमोजिम वार्षिक विकास कार्यक्रम तथा बजेट प्रस्ताव गर्नुपर्नेछ।

१. पन्ध्रौं योजना (२०७६/७७–२०८०/८१) का सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना तथा प्रमुख कार्यक्रम एवम् नतिजा खाका तथा वर्तमान सरकारका प्राथमिकतामा आधारित रही समष्टिगत तथा विषयक्षेत्रगत नतिजा सूचकहरूमा निर्दिष्ट लक्ष्य हासिल गर्न योगदान पुग्ने गरी कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।
२. पुँजीगत बजेटका हकमा नतिजा तथा लागत प्रभावकारिता र चालु बजेटका हकमा मितव्ययितालाई प्रमुख सिद्धान्तको रूपमा अवलम्बन गर्नुका साथै, वित्तीय अनुशासन कायम हुनेगरी कार्यक्रम प्रस्ताव गर्ने र खर्चलाई नतिजासँग आबद्ध हुनेगरी बजेट प्रस्ताव गर्ने।
३. समृद्धि र सुखका दीर्घकालीन लक्ष्य, दिगो विकासका लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट, नीति तथा कार्यक्रम बीचको अन्तरसम्बन्धलाई सुदृढ तुल्याई बजेट तर्जुमामा विनियोजन कुशलता हासिल हुने गरी बजेट प्रस्ताव गर्ने।
४. कार्यक्रम तथा बजेट प्रस्ताव गर्दा गरिबी, अशिक्षा, बेरोजगारी न्यूनीकरण गर्दै सामाजिक असमानता कम गर्ने कार्यक्रमलाई प्राथमिकता दिने।

५. अनिवार्य दायित्व (तलब, भत्ता, योगदानमा आधारित निवृत्तभरण कोष खर्च, बिमा, घरभाडा, सञ्चार महशुल, पानी तथा बिजुली आदि) मा आवश्यक रकम विनियोजन गरेर मात्र अन्य प्रशासनिक खर्चमा रकम विनियोजन गर्ने। बजेट प्रस्ताव गर्दा पूरा वर्षको खर्च आंकलन गरी स्रोतप्राथमिकीकरण गरी बजेट अनुमान तयार गर्ने।

६. प्रतिवद्धता गरिएका लागतहरू (Committed Costs), वित्तीय हस्तान्तरण (Fiscal Transfers), राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना र प्रमुख कार्यक्रम/आयोजनालाई बजेट सीमा उपलव्ध गराउँदा नै बजेट सुनिश्चितता (Earmark) गर्ने। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम वित्तीय स्थायीत्व, विनियोजन कुशलता, कार्यान्वयन प्रभावकारीता र वित्तीय अनुशासन कायम हुने गरी बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने।

७. राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना र विगतमा बहुवर्षीय ठेक्का लागेका आयोजना बाहेक अन्य बहुवर्षीय ठेक्कामा जाने आयोजनाहरूमा आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७७ बमोजिमबजेट प्रस्ताव गर्ने, मध्यमकालीन खर्च संरचनामा खरिद गुरूयोजना र वार्षिक खरिद योजनाका आधारमा आयोजना कार्यान्वयन कार्यतालिका तयार गरी मात्र बजेट प्रस्ताव गर्ने।

८. एक वर्ष भन्दा बढी अवधिसम्म संचालन हुने आयोजनाहरूमा स्वीकृत बहुवर्षीय खरिद गुरूयोजना मुताबिक आवश्यक बजेट प्रस्ताव गर्ने।

९. विगतमा स्रोत सुनिश्चितता भई बहुवर्षीय ठेक्कामा गएका अधुरा आयोजनाको कार्यान्वयन अवस्था सुनिश्चित हुने गरी अनुमान गरी मध्यमकालीन खर्च संरचनामा रकम विनियोजन प्रस्ताव गर्ने। कार्यक्रम तथा आयोजनामा एकमुष्ट अबण्डामा रकम प्रस्ताव नगर्ने। बजेट प्रस्ताव गर्दा आयोजनागत रूपमा क्रियाकलाप खुल्ने गरी (activity wise) मात्र प्रस्ताव गर्ने।

१०. विगतमा संघबाट सञ्चालन भएका तर आर्थिक वर्ष २०७४/७५ पछि प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएका आयोजना आगामी २ वर्ष भित्र सम्पन्न हुनेगरी आयोजनागत विवरण तयार गरी सशर्त अनुदानमा प्रस्ताव गर्ने।

११. आ.व. २०७८/७९ मा सम्पन्न हुने आयोजनाहरूलाई प्राथमिकतामा राखी बजेट प्रस्ताव गर्ने।

१२. निजी क्षेत्रको विकासका लागि आवश्यक पर्ने पूर्वाधार निर्माण गर्ने एवम् लगानी आकर्षण गर्ने प्रकृतिका कार्यक्रम/आयोजना प्रस्ताव गर्ने।

१३. वैदेशिक सहायतामा सञ्चालन हुने कार्यक्रम तथा आयोजनाको कार्यान्वयन सम्बन्धमा अन्तराष्ट्रिय आर्थिक सहायता नीति बमोजिम हुने गरी प्रस्ताव गर्ने।

१४. राष्ट्रिय गौरवका आयोजना र रूपान्तरणकारी आयोजना पन्ध्रौ योजना अवधि भित्र सम्पन्न गर्ने गरी बजेट विनियोजन गर्ने। चालु आयोजना/कार्यक्रमको सुरु आर्थिक वर्ष, हालसम्मको भौतिक एवम् वित्तीय प्रगतिसहितको समग्र विवरण तथा नयाँ आयोजनाको हकमा राष्ट्रिय आयोजना बैंकमा प्रविष्ट भएको आयोजना अवधारणापत्र (Project Concept Note) को विवरण बजेट छलफलका क्रममा पेश गर्ने। मन्त्रालय/निकायगत बजेट सीमाको अधिनमा रही कार्यान्वयनमा रहेका राष्ट्रिय गौरवका आयोजना पन्ध्रौं योजना अवधिमा सम्पन्न गर्ने, आर्थिक वर्ष २०७७/७८ भित्र लगानी सहित बहुवर्षीय खरिद प्रकृयामा गएका आयोजना तीन वर्ष भित्र सम्पन्न गर्ने गरी प्राथमिकीकरण गरी न्यूनतम बजेट सुनिश्चिता (Earmark) गर्ने। क्रमागत आयोजनाको हकमा एक आपसमा गाभ्ने, हटाउने वा स्तरोन्नति गर्ने गरी

पुनर्वर्गीकरण गरी आगामी तीन वर्ष भित्र सम्पन्न गर्ने गरी वार्षिक विकास कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।

१५. क्षेत्रगत तथा समष्टिगत पुँजी निर्माण, रोजगारी सिर्जना, गरिबी निवारण, शासकीय सुधार लगायत उत्पादकत्व अभिवृद्धि, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन र वस्तु तथा सेवा उत्पादन वृद्धि गरी व्यापार घाटा न्यूनीकरण गर्ने खालका कार्यक्रमलाई प्राथमिकता दिने। साथै, उच्च प्रतिफल दिने र तत्काल आर्थिक सामाजिक लाभ हासिल हुनसक्ने क्रमागत कार्यक्रम/आयोजनाहरूलाई प्राथमिकता दिई बजेट प्रस्ताव गर्ने।

१६. सार्वजनिक निर्माण र वस्तु तथा सेवा खरिद गर्दा १५ प्रतिशतसम्म बढी मूल्य भएतापनि स्वदेशी वस्तु तथा सेवा खरिद गर्ने गरी खर्च अनुमान गरी बजेट प्रस्ताव गर्ने।

१७. बहुवर्षीय कार्यक्रम/आयोजनाको बजेट तर्जुमा गर्दा आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७७ अनुसार, मध्यमकालीन खर्च संरचनाको आधारमा खरिद गुरूयोजना स्वीकृत गरी सोको वार्षिक खरिद योजना अनुसार बजेट प्रस्ताव गर्ने।

१८. कार्यक्रम तथा बजेट प्रस्तावको मस्यौदा चरणदेखि नै मन्त्रालयगत बजेट सूचना प्रणाली (Line Ministry Budget Information System - LMBIS) मा वार्षिक विकास कार्यक्रम, प्रतिफल सूचक र खरिद योजना, मूल्याङ्कनखर्च गर्ने निकायबाट नै अनिवार्य रूपमा प्रवृष्टि गर्ने। बजेट सीमा पठाउँदा नै तालुक निकायले मातहतका निकायलाई अनिवार्य रूपमा User ID र Password उपलब्ध गराउने। राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा छलफल हुनुभन्दा अगावै अनिवार्य रूपमा सम्बन्धित मन्त्रालय/निकायले आन्तरिक रूपमै बजेट छलफल गर्ने व्यवस्था मिलाउने।

## ७. संघ, प्रदेश र स्थानीय तहमा सञ्चालन हुने कार्यक्रम तथा आयोजना

संघीयता कार्यान्वयनको सहजीकरण कार्ययोजना, २०७५ अनुसार राष्ट्रिय योजना आयोगको नेतृत्वमा संघ, प्रदेश र स्थानीय तहका बीचमा आयोजना वर्गीकरण गर्ने व्यवस्था भएको छ। संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ बमोजिम संघबाट प्रदेश र स्थानीय तहमा कार्यक्रम तथा आयोजनाहरू हस्तान्तरण भएका छन्। उक्त कार्यक्रमहरू/आयोजनाको वर्तमान स्थिति समेत देखिने गरी अद्यावधिक विवरण तथा सोसँग सम्बन्धित दस्तावेजहरू समेत हस्तान्तरण गर्ने गरी फागुन मसान्त भित्र प्रारम्भिक रूपमा देहायको मापदण्डको आधारमा कार्यक्रम/आयोजनाको वर्गीकरण गरी पठाउने।

१. हाल संघबाट सञ्चालन भइरहेका विकास कार्यक्रम तथा आयोजनामध्ये प्रदेश र स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र पर्ने बहुवर्षीय ठेक्का अन्तर्गत निर्माणाधीन वा स्रोत व्यवस्था भई प्रदेश वा स्थानीय तहमा हस्तान्तरण गर्न पहिचान गरिएका विकास कार्यक्रम तथा आयोजनाको विवरण (परिमाणात्मक लक्ष्य सहित) **अनुसूची २ र ३** को ढाँचामा आयोजनाको लागत र भौतिक तथा वित्तीय प्रगति सहित छुट्टै प्रस्ताव गर्ने।

२. हाल संघबाट सञ्चालन भइरहेका संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्रभित्र पर्ने विकास कार्यक्रम तथा आयोजनाको विवरण आयोजना अवधि, कुल लागत र भौतिक तथा वित्तीय प्रगति सहित **अनुसूची २ र ३** को ढाँचामा प्रस्ताव गर्ने।

३. प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने क्रमागत आयोजनाहरूका सम्बन्धमा प्रदेश र स्थानीय तहबाट माग संकलन गरी आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिसँग तादात्मयता हुनेगरी प्राथमिकीकरण गरी आयोजना बैंकमा प्रविष्ट गरी कार्यक्रम/आयोजना प्रस्ताव गर्ने।

४. प्रदेश र स्थानीय तहका आयोजनाहरूसँग दोहोरोपना देखिएमा संघीय कार्यक्रममा त्यस्ता आयोजनाहरू समावेश नगर्ने।

५. संचार तथा सूचना प्रविधि, शिक्षा, विज्ञान तथा प्रविधि, स्वास्थ्य तथा जनसंख्या, कृषि तथा पशुपन्छी विकास, उर्जा, जलस्रोत तथा सिंचाई, पर्यटन तथा नागरिक उड्डयन, अर्थ र शहरी विकास मन्त्रालयले डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयनका लागि आवश्यक कार्यक्रम र बजेट प्रस्ताव गर्ने।

६. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र गृह मन्त्रालयको कार्य जिम्मेवारीमा बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनको लागि पोषण विशेष र पोषण संवेदनशील कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।

७. माथि उल्लेखित आधार तथा मापदण्ड बमोजिम संघ, प्रदेश र स्थानीय तहमा कार्यक्रम/आयोजना बाँडफाँट पश्चात सशर्त रूपमा हस्तान्तरण हुने कार्यक्रम/आयोजनाको विवरण **अनुसूची २ र ३** को ढाँचामा प्रस्ताव गर्ने।

८. संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने आयोजना/कार्यक्रममा दोहोरोपना नआउने गरी बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने।

९. संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार भित्रका सह-लगानीमा संचालन हुने कार्यक्रमका लागि लगानीको ढाँचा सहित कार्यक्रम प्रस्ताव गर्ने।

१०. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ मा गरिएका व्यवस्थाका आधारमा बजेट प्रस्ताव गर्ने। संघ, प्रदेश र स्थानीय तहको अधिकार सूचीमा परेका कार्यक्रम/आयोजनाहरूलाई वर्गीकरण गरी सम्बन्धित तहले आवश्यक बजेट प्रस्ताव गर्ने।

११. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधि नियमावली, २०७७ मा उल्लेख भए बमोजिमको विवरण तयार भई स्वीकृत भएका कार्यक्रम तथा आयोजनाको लागि मात्र बजेट प्रस्ताव गर्ने।

१२. तलब भत्ता लगायतका प्रशासनिक खर्चका लागि सशर्त अनुदानमा रकम प्रस्ताव नगर्ने।

१३. संघबाट हस्तान्तरण भएका बहुवर्षीय आयोजना/कार्यक्रमका लागि आवश्यक बजेट सम्बन्धित तहको बजेटमा प्रस्ताव गर्ने।

१४. संघबाट हस्तान्तरण हुनु पूर्व आर्थिक दायित्व सिर्जना भई सकेको कार्यक्रम/आयोजनाको लागि आवश्यक बजेट सम्बन्धित तहको बजेटमा प्रस्ताव गर्ने।

### ७.१ संघबाट सञ्चालन हुने कार्यक्रम/आयोजनाको मापदण्ड

क. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ मा व्यवस्था भएबमोजिम सञ्चालनमा रहेका कार्यक्रम तथा आयोजना र प्रस्तावित नयाँ आयोजना राष्ट्रिय आयोजना बैंकमा अनिवार्य प्रविष्ट गरेर मात्र मध्यमकालीन खर्च संरचना तथा बजेटमा आयोजना समावेश गर्ने।

ख. राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना तथा राष्ट्रिय रूपमा रणनीतिक महत्वका कार्यक्रम/आयोजना संघबाट सञ्चालन गर्ने।

ग. वैदेशिक सहयोगबाट सञ्चालित राष्ट्रिय, अन्तरप्रदेश स्तरीय र हाल कार्यान्वयनको अन्तिम चरणमा पुगेका र दुई वर्ष भित्र सम्पन्न हुने कार्यक्रम/आयोजना संघबाट सञ्चालन गर्ने।

घ. संस्थागत संरचना प्रदेश वा स्थानीय तहमा गइसकेको तर संघको कार्यक्षेत्रमा राखिएका कार्यक्रम/आयोजना सम्बन्धित प्रदेश एवम् स्थानीय तहमा हस्तान्तरण गर्ने।

ङ. लामो समय देखि स्वीकृत भई कार्य प्रारम्भ नभएका, निरन्तर रूपमा ज्यादै न्यून बजेट विनियोजन गरी लामो समयदेखि बजेटमा समावेश गरिएको एवम् सम्भाव्यता अध्ययन नै नगरी न्यून बजेट राखी शुरू मात्र भएका कार्यक्रम/आयोजनाहरूलाई पुनःप्राथमिकीकरण गर्ने र औचित्यताको आधारमा सञ्चालन गर्ने वा बन्द गर्ने।

च. अवधि नतोकी सालबसाली रूपमा सञ्चालन भएका कार्यक्रम/आयोजना तथा निश्चित उद्देश्यका लागि वैदेशिक सहयोगमा सञ्चालन भई म्याद सकिएका तर विविध कारणले हाल नेपाल सरकारको आर्थिक सहयोगमा सञ्चालनमा रहेका कार्यक्रम/आयोजनालाई पूर्ण रूपमा स्थगित गर्ने र पुनःप्राथमिकीकरण गरी आवश्यक देखिएमा शून्यमा आधारित बजेट अनुसार सम्बन्धित प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुने व्यवस्था गर्ने।

छ. एक प्रदेश वा स्थानीय तहको भौगोलिक क्षेत्रभित्र सीमित भएका कार्यक्रम/आयोजनालाई सम्बन्धित प्रदेश वा स्थानीय तहमा हस्तान्तरण गर्ने।

ज. जनतासँग प्रत्यक्ष सरोकार राख्ने प्रकृतिका कार्यक्रम/आयोजना स्थानीय र प्रदेश तहमा हस्तान्तरण गर्ने।

झ. नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका साझा अधिकारका सूचीहरूमा रहेका विषयहरूसँग सम्बन्धित कार्यक्रम तथा आयोजना यथासम्भव प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गर्ने।

ञ. पचास प्रतिशत भन्दा बढी भौतिक एवम् वित्तीय प्रगति भइरहेका कार्यक्रम/आयोजनाहरूको यथासम्भव छिटो सम्पन्न गर्ने।

ट. एकै प्रकृतिका कार्यक्रम/आयोजनाका विभिन्न बजेट उपशीर्षकहरू एकीकृत गर्ने। प्रदेश र स्थानीय तहबाट समपूरक तथा विशेष अनुदानमार्फत सञ्चालित बहुवर्षीय कार्यक्रम तथा आयोजनाहरूसंग दोहोरो पर्ने कार्यक्रम तथा आयोजना प्रस्ताव नगर्ने।

ठ. प्रादेशिक सन्तुलन कायम हुने गरी कार्यक्रम तथा आयोजना प्रस्ताव गर्ने ।

### ७.२ प्रदेशबाट सञ्चालन हुने कार्यक्रम/आयोजनाको मापदण्ड

क. सशर्त अनुदान अन्तर्गत आयोजना कार्यान्वयन गर्न संघबाट प्रदेश तहमा हस्तान्तरण भएका वा हुने कार्यक्रम/आयोजनाहरूमा निम्न प्रक्रिया वा मापदण्ड अपनाउने।

अ. बहुवर्षीय ठेक्का लागेका आयोजनाहरूको ठेक्का लागेको अवधिको सम्पूर्ण लगत (नाम, स्थान, शुरू मिति, सम्पन्न हुने मिति, विस्तृत कार्यक्रम/आयोजना प्रतिवेदन, वित्तीय एवम् भौतिक प्रगति, तत्काल समस्या देखिएको वा नदेखिएको, ठेक्का व्यावसायीको विगतको कार्य सम्पन्नताको अवस्था, भेरियसन भए/नभएको, मूल्य समायोजन भए/नभएको, आदि) तयार गरी बजेट प्रस्तावमा संलग्न गर्ने।

आ.संघबाट प्रदेशमा हस्तान्तरण भएका आयोजनाको उपलब्ध स्रोतको आधारमा प्राथमिकीकरण गरी स्रोतको सुनिश्चितता सहित आयोजना कार्यान्वयन गर्ने व्यवस्था मिलाउने।

ख. प्रदेश भित्र जिल्ला तह वा एक भन्दा बढी स्थानीय तहलाई समेट्ने कार्यक्रम/आयोजना प्रदेशबाट स्थानीय तहको समन्वय समेतमा सञ्चालन गर्ने गरी व्यवस्था मिलाउने।

ग. प्रदेश भित्र मात्र सञ्चालन भएका, प्रदेश विशेष वा प्रदेशलाई तुलनात्मक लाभ हुने क्षेत्रका कार्यक्रम/आयोजना प्रदेशबाट सञ्चालन गर्ने व्यवस्था मिलाउने।

घ. प्रगति शून्य भएका र बाँकी अवधिमा रकम विनियोजन गर्दा समेत कार्यान्वयन सुनिश्चितता नदेखिएका आयोजना/कार्यक्रम बजेटबाट हटाई थप अध्ययन सहित कार्यान्वयनयोग्य भएमा प्रदेश आयोजना बैंकमा समावेश गर्ने व्यवस्था मिलाउने।

ङ. राजस्व बाँडफाँट र आन्तरिक राजस्वबाट प्राप्त हुने रकम मितव्ययी ढंगले प्रशासनिक सञ्चालन खर्च गरी आ-आफ्नो अधिकार सूचीका कार्यका लागि थप कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने।

च. राजस्व बाँडफाँट र आन्तरिक राजस्व बाहेक अन्य स्रोत खर्च गरी सवारी साधन, भवन, जग्गा खरिद जस्ता प्रकृतिका पुँजीगत खर्च गर्न नहुने व्यवस्था मिलाउने।

छ. समपूरक तथा विशेष अनुदानमार्फत सञ्चालन हुने गरी बहुवर्षीय आयोजनाको रूपमा स्वीकृत आयोजनाहरूसँग अन्य कार्यक्रम तथा आयोजनाहरू दोहोरो नपर्ने व्यवस्था मिलाउने।

ज. जिल्लागत तथा स्थानीय तहगत सन्तुलन कायम हुने गरी कार्यक्रम तथा आयोजना तर्जुमा तथा कार्यान्वयन गर्ने।

**७.३ स्थानीय तहबाट सञ्चालन हुने कार्यक्रम/आयोजनाको मापदण्ड**

क. संघ र प्रदेशबाट सञ्चालन गर्ने भनी उल्लेख नगरिएका, माथि उल्लेख गरिए अनुरूप स्थानीय तहमा मात्र हस्तान्तरण गर्नुपर्ने र स्थानीय तहको अधिकार भित्र रहेका आयोजना/कार्यक्रम स्थानीय तहबाट सञ्चालन गर्ने व्यवस्था मिलाउने।

ख. साविकमा विषयगत मन्त्रालयहरूबाट सम्पादन भइरहेका तर नेपालको संविधानको अनुसूची ८ मा व्यवस्था भएका कार्यक्रम स्थानीय तहबाटै सञ्चालन गर्ने व्यवस्था मिलाउने।

ग. राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम र आन्तरिक राजस्वबाट मितव्ययी ढंगले प्रशासनिक सञ्चालन खर्च गरी आ-आफ्नो अधिकार सूचीका कार्यका लागि थप कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने।

घ. राजस्व बाँडफाँट र आन्तरिक राजस्व बाहेक अन्य स्रोत खर्च गरी सवारी साधन, भवन, जग्गा खरिद जस्ता प्रकृतिका खर्च गर्न नहुने व्यवस्था मिलाउने।

## ८. खर्च प्रभावकारिता तथा मितव्ययिता

१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ को नियम १६ को व्यवस्था र सोही नियमावलीको अनुसूची १ बमोजिमको ढाँचामा वार्षिक बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने।

२. भैपरी आउने चालु खर्चमा सकेसम्म बजेट प्रस्ताव नगर्ने र गर्नै पर्ने अवस्थामा प्रयोजन खुलाएर मात्र बजेट प्रस्ताव गर्ने। साथै, समान प्रकृतिका स–साना आयोजनाहरू गाभ्ने वा खारेज गर्ने गरी बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने।

३. अत्यावश्यक अवस्थामा बाहेक नयाँ भवन निर्माण र सवारी साधन खरिदको लागि रकम प्रस्ताव नगर्ने। राष्ट्रको प्रतिनिधित्व गरेर अनिवार्य रूपमा सहभागिता हुनुपर्ने वैदेशिक कार्यक्रम बाहेक अवलोकन, अध्ययन वा अन्य कुनै भ्रमणको नाममा नेपाल सरकारको दायित्व (वैदेशिक ऋण समेत) पर्ने गरी वैदेशिक भ्रमणका लागि रकम प्रस्ताव नगर्ने।

४. प्रदेश र स्थानीय तहमा बजेट हस्तान्तरण गर्दा वित्त हस्तान्तरण (Fiscal Transfer) को माध्यमबाट मात्र गर्ने गरी कार्यक्रम प्रस्ताव गर्ने।

५. विकास कार्यक्रम/ आयोजनाको भौतिक तथा वित्तीय प्रगति/अवस्थाको अनुगमन तथा मूल्याङ्कन योजना सहित बजेट प्रस्ताव गर्ने। सीप विकास र तालिम जस्ता एकै प्रकृतिका सेवाहरू एउटै निकायबाट प्रदान गर्ने गरी निकायगत समन्वयमा कार्यक्रम गाभी बजेट प्रस्ताव गर्ने।

६. नेपाल सरकारको कार्यविभाजन नियमावली बमोजिम सम्बन्धित मन्त्रालयलाई तोकिएका कार्य, सरकारको मौजुदा नीति, कार्यक्रम, आवधिक योजनाले निर्दिष्ट गरेका उद्देश्य, नीति तथा कार्यक्रमको आधारमा बजेट प्रस्ताव तयार गर्ने।

७. पुँजीगत/वित्तीय व्यवस्थातर्फ नतिजासँग आवद्ध हुने गरी मात्र बजेट प्रस्ताव गर्ने।

८. राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यहरू आर्थिक वर्ष २०७७/७८ मा सम्पन्न गर्ने र बाँकी कार्य सम्बन्धित मन्त्रालय/तह/निकायहरूबाट कार्यान्वयन गर्ने गरी हस्तान्तरण गर्ने र भूकम्पबाट प्रभावित संरचनाको पुननिर्माण सम्बन्धी ऐन, २०७२ को समय सीमाभित्र सम्पन्न हुने आयोजना/कार्यक्रम संचालन गर्नको लागि बजेट प्रस्ताव गर्ने।

९. एकीकृत शहरी विकास, शहरी सौन्दर्यीकरण, स्मार्ट सिटी जस्ता आयोजनाहरूको निश्चित मापदण्ड तयार गरेर मात्र बजेट विनियोजन गर्ने।

### ८.१ प्रशासनिक तथा चालु खर्च

क. अनिवार्य दायित्व (तलव, भत्ता, बिमा, योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च, घरभाडा, सञ्चार, पानी तथा बिजुली महशुल आदि) मा आवश्यक रकम विनियोजन गरेर मात्र अन्य प्रशासनिक खर्चमा रकम विनियोजन गर्ने।

ख. सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ बमोजिम बजेट प्रस्ताव गर्ने।

ग. चालु खर्च प्रस्ताव गर्दा एकाइ र लागत विश्लेषण गरी मितव्ययी ढंगले आवश्यक रकम प्रस्ताव गर्ने।

घ. नेपाल सरकारको स्रोतबाट संचालन हुने आयोजना तथा कार्यक्रमबाट अनुदान दिँदा कुल लागतको ५० प्रतिशत भन्दा बढी नहुने गरी प्रस्ताव गर्ने।

ङ. विकास समिति, बोर्ड, कोष, सार्वजनिक संस्थान, प्रतिष्ठान लगायतका निकायहरूलाई उपलब्ध गराइने अनुदान रकमबाट तलव, भत्ता, भाडा लगायतका प्रतिबद्ध खर्चमा पर्याप्त रकम छुट्याएर मात्र कार्यक्रममा बजेट प्रस्ताव गर्ने।

च. भैपरी आउने रकम सकेसम्म प्रस्ताव नगर्ने र गर्नै पर्ने अवस्थामा पर्याप्त आधार र स्पष्ट प्रयोजन खुलाएर मात्र बजेट प्रस्ताव गर्ने।

छ. संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) स्वीकृत भएका दरबन्दीमा बजेट प्रस्ताव गर्ने र स्वीकृत दरबन्दीभित्र रहेरमात्र अस्थायी र सेवा करारको बजेट प्रस्ताव गर्दा नेपाल सरकारको निर्णय वमोजिम पाउने सुविधा मात्र प्रस्ताव गर्ने।

ज. वैदेशिक ऋणबाट वैदेशिक भ्रमणमा बजेट प्रस्ताव नगर्ने।

### ८.२ पुँजीगत खर्च

क. दीर्घकालीन सोच, दिगो विकासका लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट, नीति तथा कार्यक्रम बीचको अन्तरसम्बन्धलाई सुदृढ तुल्याई बजेट तर्जुमामा विनियोजन कुशलता हासिल हुने गरी बजेट प्रस्ताव गर्ने।

ख. वित्तीय अनुशासन कायम हुने गरी बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने र खर्चलाई नतिजासँग आबद्ध हुने गरी बजेट प्रस्ताव गर्ने।

ग. राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना, प्रमुख कार्यक्रम र उच्च प्राथमिकता प्राप्त राष्ट्रिय महत्वका आयोजनालाई बजेट सीमा उपलव्ध गराउँदा नै सुनिश्चित (Earmark) गर्ने।

घ. स्रोत सहमति दिइएका, बहुवर्षीय ठेक्कामा गएका आयोजनाहरूको लागि मध्यमकालीन खर्च संरचनामा भएको व्यवस्था अनुरुप प्राप्त बजेट सीमा भित्रबाट नै अनिवार्य रुपमा पर्याप्त रकम प्रस्ताव गर्ने।

ङ. खरिद गुरूयोजनाको आधारमा स्पष्ट वार्षिक कार्यान्वयन कार्ययोजना, प्रत्येक क्रियाकलाप सम्पन्न गर्न लाग्ने लागत, समय र जिम्मेवार निकाय खुल्ने गरी वार्षिक खरिद योजना र मन्त्रालयगत/निकायगत अनुगमन तथा मूल्याङ्कन योजनाको मस्यौदा संलग्न गर्ने। खरिद योजना तयार गरेर मात्र कार्यक्रम/आयोजना प्रस्ताव गर्ने।

च. कार्यक्रम/आयोजना तयार गर्दा सरकारी स्रोत र साधनको समुचित उपयोग हुने, खर्च प्रणालीलाई भरपर्दो, विश्वसनीय र व्यवहारिक बनाउने तथा बजेट विनियोजन प्रक्रियालाई कुशल एवम् क्रियाकलापमा आधारित बनाउने गरी व्यवस्था मिलाउने ।

छ. बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सिर्जित दायित्वमध्ये आगामी वर्षमा भुक्तानी गर्नुपर्ने रकम तथा विगत वर्षमा भुक्तानी हुन बाँकी रकमको प्रस्ताव गर्ने।

ज. अधुरा आयोजना सम्पन्न गर्न प्राथमिकता दिएर विनियोजन गर्ने। नयाँ आयोजना प्रस्ताव गर्द पूर्व तयारीका कार्य सम्पन्न गर्ने र आगामी आर्थिक बर्षको पूर्व तयारीका लागि न्यूनतममात्र बजेट प्रस्ताव गर्ने।

झ. वैदेशिक स्रोत यकिन गरी सम्झौता बमोजिमको रकम वा प्राप्त हुने सुनिश्चित भएका रकम मात्र प्रस्ताव गर्ने। सम्झौता बमोजिम समपूरक कोष (Counterpart Fund) बापत नेपाल सरकारको स्रोततर्फ आवश्यक पर्ने रकम अनिवार्य रूपमा समावेश गर्ने।

ञ. भैपरी आउने पुँजीगत खर्चमा बजेट प्रस्ताव नगर्ने र गर्नै पर्ने अवस्थामा पर्याप्त आधार र स्पष्ट प्रयोजन खुलाएर मात्र बजेट प्रस्ताव गर्ने।

ट. अत्यावश्यक अवस्थामा बाहेक सवारी साधन खरिद र नयाँ भवन निर्माणमा बजेट प्रस्ताव नगर्ने र यस सम्वन्धी मापदण्डको पालना गर्ने।

ठ. विकास निर्माणका पूर्वाधारका आयोजनाका लागि जग्गा अधिग्रहण गर्ने प्रयोजनार्थ मुआब्जा वितरण गर्न बजेट प्रस्ताव गर्दा रजिष्ट्रेशन प्रयोजनको लागि मालपोत कार्यालयले निर्धारण गरेको सरकारी दररेटको आधारमा गर्ने।

ड. कार्यक्रम/आयोजना तयार गर्दा सरकारी स्रोत र साधनको समुचित उपयोग हुने खर्च प्रणालीलाई भरपर्दो, विश्वसनीय र व्यवहारिक बनाउने तथा बजेट विनियोजन प्रक्रियालाई कुशल एवम् क्रियाकलापमा आधारित बनाउन विशेष महत्व दिने।

ढ. क्षेत्रगत तथा राष्ट्रिय पुँजी निर्माण, रोजगारी सिर्जना, शासकीय सुधार लगायतबाट उत्पादकत्व अभिवृद्धि, आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र वस्तु तथा सेवा उत्पादन वृद्धि गरी व्यापार घाटा न्यूनीकरण गर्ने खालका कार्यक्रमहरूलाई प्राथमिकता दिने। उच्च प्रतिफल दिने, तुलनात्मक लाभ र तत्काल आर्थिक सामाजिक लाभ हासिल हुन सक्ने क्रमागत कार्यक्रम/आयोजनाहरूलाई प्राथमिकता दिई बजेट प्रस्ताव गर्ने।

ण. संघबाट कार्यान्वयन हुने रू. ५० करोड वा सो भन्दा बढी लागतका आयोजना अनिवार्य रूपमा राष्ट्रिय आयोजना बैंकमा प्रविष्ट गरेर मात्र बजेट प्रस्ताव गर्ने।

त. कार्यक्रम तथा बजेट प्रस्तावको मस्यौदा चरणदेखि नै मन्त्रालयगत बजेट सूचना प्रणाली Line Ministry Budget Information System – LMBIS मा वार्षिक विकास कार्यक्रम, प्रतिफल सूचक र खरीद योजना खर्च गर्ने निकायबाट नै अनिवार्य रुपमा प्रविष्टि गर्ने।

थ. संविधानको अनुसूची तथा कार्य विस्तृतीकरण प्रतिवेदन, २०७३ मा प्रदेश तथा स्थानीय तहको अधिकार एवम् कार्यसूची अन्तर्गतका आयोजना/कार्यक्रमका लागि बजेट प्रस्ताव नगर्ने।

द. आयोजनाको शुरू प्रवेशलाई गुणस्तरीय र कार्यान्वयनयोग्य बनाउन विस्तृत इन्जिनियरिङ्ग प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गा प्राप्ति, वित्तीय व्यवस्थापन, रूख काट्नु पर्ने भए वनको स्वीकृति लगायतका पूर्व तयारी भइसकेका आयोजना मात्र बजेटमा समावेश गर्ने।

ध. विगतमा स्रोत सुनिश्चितता दिई काम सुरु भएका अधुरा आयोजनाको लागि आवश्यक बजेट प्रस्ताव गर्ने।

न. बहुवर्षीय खरीद र विशेष परिस्थितिबाट सिर्जित दायित्वमध्ये आगामी आर्थिक वर्षमा भुक्तानी गर्नुपर्ने रकम तथा विगत वर्षमा भुक्तानी गर्न बाँकी रकम प्रस्ताव गर्ने।

ऩ. चालु आर्थिक वर्षको कार्य प्रगतिको आधारमा आगामी आर्थिक वर्षमा सम्पन्न हुन सक्ने कार्यक्रमको लागि आवश्यक बजेट मात्र प्रस्ताव गर्ने।

प. वार्षिक योजनाको आधारमा यथार्थपरक हुनेगरी आर्थिक वर्षको बीचमा कार्यक्रम संशोधन गर्न नपर्ने गरी त्रैमासिक विभाजन सहित स्पष्ट हुने गरी बजेट प्रस्ताव गर्ने।

फ. मौलिक हक कार्यान्वयन गर्न बनेका कानूनवाट सिर्जित दायित्वलाई सम्वोधन गर्ने गरी बजेट प्रस्ताव गर्ने।

ब. सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भएका आयोजनाको हकमा हस्तान्तरण हुँदाका बखत सिर्जित दायित्वलाई मात्र सम्वोधन गर्ने गरी बजेट प्रस्ताव गर्ने।

भ. डिजिटल नेपाल फ्रेमवर्क २०७६ नेपाल सरकारबाट स्वीकृत भई कार्यन्वयनमा रहेकोले सूचना प्रविधिको विकास र विस्तार सम्वन्धी क्रियाकलापहरू उक्त फ्रेमवर्क अनुकूल हुने गरी बजेट प्रस्ताव गर्ने।

### ८.३ वित्तीय व्यवस्था

क. प्रस्ताव गरिएको रकम पुँजीगत प्रकृतिका काममा खर्च गर्ने व्यवस्था मिलाउने।

ख. बजेट खर्च गर्ने क्षमताको आधारमा विस्तृत कार्यक्रम सहित बजेट प्रस्ताव गर्ने।

ग. सरकारको लगानी सम्बन्धी नीतिको आधारमा बजेट व्यवस्था गर्ने।

### ८.४ अन्तर सरकारी वित्त हस्तान्तरण

क. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन, २०७४ मा गरिएका ब्यवस्थाका आधारमा बजेट प्रस्ताव गर्ने।

ख. प्रदेश र स्थानीय तहका जिम्मेवारी भित्रका कृषि, शिक्षा, महिला विकास, वालवालिका र अपाङ्गता भएका व्यक्तिको हित गर्ने लगायतका लक्षित कार्यक्रमका लागि निश्चित प्रतिशत बजेट प्रस्ताव गर्ने।

ग. संघ, प्रदेश र स्थानीय तहको अधिकार सूचीमा परेका कार्यक्रमलाई वर्गीकरण गरी सम्बन्धित तहले आवश्यक बजेट प्रस्ताव गर्ने।

घ. प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुने रू. ५ करोड वा सो भन्दा बढी लागतका आयोजना अनिवार्य रूपमा राष्ट्रिय आयोजना बैंकमा प्रविष्ट गरेर मात्र बजेट प्रस्ताव गर्ने।

ङ. तलव भत्ता लगायतका प्रशासनिक खर्चका लागि सशर्त अनुदानमा रकम प्रस्ताव नगर्ने।

च. संघबाट हस्तान्तरण भएका बहुवर्षीय आयोजना/कार्यक्रमका लागि आवश्यक बजेट सम्बन्धित तहको बजेटमा प्रस्ताव गर्ने।

छ. संघबाट हस्तान्तरण हुनु पूर्व आर्थिक दायित्व सिर्जना भई सकेको कार्यक्रम/आयोजनाको लागि आवश्यक बजेट सम्बन्धित तहको बजेटमा प्रस्ताव गर्ने।

ज. प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन गर्ने कार्यक्रम/आयोजनाको स्पष्ट मोडालिटी तयार गरेर मात्र सःशर्त अनुदानमा कार्यक्रम प्रस्ताव गर्ने।

झ. प्रदेश र स्थानीय तहबाट सञ्चालित सःशर्त अनुदानका कार्यक्रम/आयोजना सम्बद्ध तहले अपनत्व लिने प्रकृतिका कार्यक्रम मात्र प्रस्ताव गर्ने।

ञ. सःशर्त अनुदानमा चालु वर्षको कार्यक्रमलाई निरन्तरता दिंदा सो वर्षको प्रगतिको आधारमा बजेट प्रस्ताव गर्ने। अपनत्व नलिने प्रदेश र स्थानीय तहमा त्यस्तो सःशर्त अनुदान बजेट प्रस्ताव नगर्ने।

ट. सःशर्त अनुदानका कार्यक्रम/आयोजनाका लागि विनियोजित बजेटबाट वित्तीय हस्तान्तरण गर्ने गरी बाँडफाँट गरी प्रस्ताव गर्ने। सकेसम्म मन्त्रालयको बजेटमा समावेश गरेपछि वित्तीय हस्तान्तरण नगर्ने।

## ९. मध्यमकालीन खर्च संरचना तर्जुमा

१. बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ को व्यवस्था र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६ को व्यवस्था तथा नियमावली, २०७७ को नियम ११ बमोजिम यसैसाथ संलग्न **अनुसूची ४** मा संलग्न खाकामा

मध्यमकालीन खर्च संरचना तयार गरी प्रस्ताव गर्ने। सो खाकामा उल्लेख हुने अपेक्षित नतिजा/लक्ष्य हासिल गर्ने गरी आवश्यक बजेट सहित योजना तथा कार्यक्रम तर्जुमा गर्ने।

२. मध्यमकालीन खर्च संरचनालाई ध्यानमा राखी, सो बमोजिम कार्यान्वयन गरिने आयोजना/कार्यक्रम र सो अन्तर्गतका क्रियाकलापहरू, सो को लागि निर्धारित खर्चम मापदण्ड (नर्म्स) का आधारमा लाग्ने अनुमानित लागत तथा सो लागत व्यहोर्ने स्रोत निर्धारण गर्ने।

३. प्रत्येक विकास कार्यक्रम तथा आयोजनाको प्राथमिकता संकेत (१ वा २), लैङ्गिक उत्तरदायी संकेत (१, २ वा ३), गरिबी निवारण संकेत (१ वा २), आवधिक योजनाको रणनीतिक संकेत (१–९), जलवायु परिवर्तन संकेत (१, २ वा ३) र दिगो विकास लक्ष्य संकेत (१–१७) उल्लेख गर्ने। प्राथमिकता संकेत उल्लेख गर्दा **अनुसूची ७** मा संलग्न आयोजना प्राथमिकीकरणका आधार तथा **अनुसूची ८** मा उल्लेखित प्राथमिकीकरण गर्ने तरिका बमोजिम प्रत्येक कार्यक्रम/आयोजनाको प्राथमिकता क्रम (१ वा २) खुलाउने।

४. राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा हुने नीति/कार्यक्रम र विनियोजन सम्बन्धी छलफलमा पन्ध्रौं योजना र मध्यमकालीन खर्च संरचनाले निर्धारण गरेको लक्ष्य र प्रस्तावित बजेट बीचको सम्बन्धलाई स्पष्ट गर्नुपर्ने।

५. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(३) को व्यवस्था बमोजिमको बजेट छलफलका लागि प्रस्तावित बजेट तथा कार्यक्रमको क्षेत्रगत लक्ष्य तथा उपलब्धि, सम्भाव्यता अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययन, विस्तृत अध्ययन, नर्म्स, ड्रइङ्ग तथा डिजाइन सहित आयोजना स्वीकृति सम्बन्धी कागजात, जग्गा प्राप्ति, आयोजना कार्यान्वयनको समय तालिका, खरिद गुरूयोजना तथा वार्षिक खरिद योजना तथा आयोजनाको अपेक्षित प्रतिफल समेत कार्यक्रम/आयोजनागत रूपमा तयार गर्ने।

## १०.कार्यक्रम तथा आयोजना छनोट तथा प्रस्ताव

१. राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना/कार्यक्रम, बहुवर्षीय ठेक्का सम्झौता भएका र स्रोत सुनिश्चितता दिइएका कार्यक्रम/आयोजनाको लागि पर्याप्त रकम सुनिश्चित हुने (Earmark) गरी प्रस्ताव गर्ने।

२. साथै, आगामी आर्थिक वर्षभित्र नै सम्पन्न गर्न सकिने, उच्च प्रतिफल दिने,तत्काल आर्थिक–सामाजिक लाभ हासिल हुने र कोभिड-१९ बाट प्रभावित अर्थतन्त्रको पुनरुत्थान गर्न सहयोग पुऱ्याउने क्रमागत विकास कार्यक्रम तथा आयोजनालाई प्राथमिकता दिई प्रस्ताव गर्ने।

३. कार्यान्वयनमा आउने नयाँ कार्यक्रम/आयोजनाको लागि जग्गा प्राप्ति लगायतका तयारीका लागि आवश्यक स्रोत साधन व्यवस्था हुनेगरी बजेट प्रस्ताव गर्ने। नयाँ कार्यक्रम/आयोजना पहिचान तथा विकास गर्नको लागि बजेट प्रस्ताव गर्दा राष्ट्रिय योजना आयोगमा रहेको आयोजना बैंकमा प्रविष्ट भएका आयोजनामा मात्र बजेट प्रस्ताव गर्ने।

४. क्रमागत कार्यक्रम/आयोजना, सम्भाव्यता अध्ययन भैसकेका तथा कार्यान्वयनका लागि तयारी पुरा भएका नयाँ कार्यक्रम/आयोजनाको विवरण आयोजना बैंकमा प्रविष्ट गराएपछि मात्र कार्यक्रम प्रस्ताव गर्ने।

५. वैदेशिक स्रोत एकिन गरी सम्झौता बमोजिमको रकम वा प्राप्त हुने सुनिश्चित भएका रकम मात्र प्रस्ताव गर्ने। सम्झौता बमोजिम समपूरक कोष (Counterpart Fund) बापत नेपाल सरकारको तर्फबाट आवश्यक पर्ने रकम समावेश गर्ने। वैदेशिक ऋण तथा अनुदान सहायता अन्तर्गतका कार्यक्रम र आयोजनाको कार्य

सम्पन्न समय अत्यन्त लामो भएकोले सम्झौताको समय सारिणी अनुसार कार्यक्रम/आयोजना सम्पन्न गर्ने गरी खर्चको दक्षता बढाउने।

६. कार्यक्रम तथा बजेट तयार गर्दा अन्य मन्त्रालय/निकाय वा क्षेत्रको कार्यक्रम/आयोजनाको कार्यान्वयन र उद्देश्य हासिल गर्न मद्दत पुऱ्याउने, सहकारी र निजी क्षेत्रलाई प्रबर्द्धन गर्ने, सरकारी-निजी क्षेत्रको सहकार्यलाई सहयोग गर्ने र सेवा प्रवाहलाई प्रभावकारी बनाउन सहयोग पुग्ने कार्यक्रम/आयोजनाहरूलाई प्राथमिकता दिने।

७. कार्यक्रम/आयोजना तयार गर्दा सरकारी स्रोत र साधनको समुचित उपयोग हुने, खर्च प्रणालीलाई विश्वसनीय, भरपर्दो तथा व्यावहारिक बनाउने र बजेट विनियोजन प्रक्रियालाई कुशल एवम् क्रियाकलापमा आधारित बनाउने विषयलाई विशेष महत्व दिने।

८. निर्माण सम्बन्धी आयोजनाका हकमा पूर्व सम्भाव्यता वा सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन, जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्याङ्कन तथा रेखांकन/नक्सांकन भइसकेका र पहिलो त्रैमासिक अवधिभित्रै ठेक्का सम्झौता सम्पन्न हुन सक्ने कार्यक्रम तथा आयोजनालाई प्राथमिकता दिने।

## ११.आयोजना बैंक, कार्यक्रम/आयोजना छनोट तथा प्रस्ताव

१. चालु तथा नयाँ आयोजनाका लागि बार्षिक कार्यक्रम तथा मध्यमकालीन खर्च संरचनामा रकम प्रस्ताव गर्दा आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६ बमोजिमका आयोजनाहरू दफा १७ बमोजिम राष्ट्रिय आयोजना बैंकमा प्रस्ताव गर्ने। प्रस्तावित आयोजना तथा कार्यक्रमहरू राष्ट्रिय आयोजना बैंकमा प्रस्ताव गर्दा चालु आयोजनाको हकमा **अनूसूची ९** र नयाँ आयोजनाको हकमा **अनुसूची १०** बजोमिमको ढाँचा प्रयोग गर्ने।

२. आयोजनाको पहिचान, छनोट र प्राथमिकीकरणको मापदण्ड विकास गरी विधि सहितको राष्ट्रिय आयोजना बैंक राष्ट्रिय योजना आयोगमा रहने व्यवस्था भए अनुसार संस्थागत संरचना स्थापना गरिएकोले कार्यान्वयनमा रहेका (ongoing) र नयाँ आयोजनाहरूको विवरण राष्ट्रिय योजना बैंक व्यवस्थापन सूचना प्रणाली (Naional Project Bank Management Information System) प्रविष्ट गरे पश्चात मात्र बजेट विनियोजन गर्ने।

३. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २५ बमोजिम केन्द्रिय निकाय आफैले वा मातहतको कार्यालय वा आयोजना मार्फत् ५ वर्षसम्म कार्यान्वयन गरिने आयोजनाको विवरण राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाउने।

## १२.कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन

१. कार्यक्रमको आवश्यकता, कार्यान्वयनमा लैजान आवश्यक पर्ने कार्यविधि, मापदण्ड लगायतका सम्पूर्ण आधारभूत कुराहरू, साधनको सुनिश्चितता तथा अनुगमन एवम् मूल्याङ्कनको आधार निश्चित गरी मन्त्रालयगत सीमा (नेपाल सरकार र वैदेशिक सहायता दुवै) भित्र रही कार्यक्रम प्रस्ताव गर्ने।

२. मन्त्रालय/निकाय र सो अन्तर्गतको आयोजना कार्यान्वयन तथा खर्च गर्ने क्षमता सुदृढीकरण जस्ता पक्षलाई ध्यान दिई कार्यक्रम प्रस्ताव गर्ने। साथै, संघीय मन्त्रालय तथा अन्य निकाय एवम् प्रदेश र स्थानीय तहबीच समन्वय हुनेगरी प्रस्ताव गर्ने।

## १३.संलग्न गर्नुपर्ने विवरण

१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ बमोजिम पेश गर्नुपर्ने विवरण समावेश गरी प्रस्ताव गर्ने।

२. प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कार्यक्रम/आयोजनाको विवरण र सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम/आयोजनाको विवरण संलग्न गर्ने।

३. वार्षिक कार्यान्वयन योजना, प्रत्येक क्रियाकलाप सम्पन्न गर्न लाग्ने लागत, समय र जिम्मेवार निकाय खुल्ने गरी वार्षिक खरिद योजना र मन्त्रालयगत/निकायगत अनुगमन तथा मूल्याङ्कन योजनाको मस्यौदा संलग्न गर्ने।

४. चालु आर्थिक वर्ष २०७७/७८ वा आगामी आर्थिक वर्ष २०७८/७९ मा सम्पन्न हुने वा खारेज हुने कार्यक्रम/आयोजनाको विवरण उपलब्ध गराउने।

५. पन्ध्रौं योजनाको नतिजा खाका, दिगो विकास लक्ष्य, आर्थिक वर्ष २०७७/७८ को वार्षिक विकास कार्यक्रम सञ्चालनबाट हासिल हुन सकेको प्रतिफल र आयोजना दस्तावेज (Project document) का आधारमा बजेट छलफल गरिने हुँदा छलफलका बखत ती दस्तावेज तथा विवरण अनिवार्य रूपमा प्रस्तुत गर्ने।

६. कार्यक्रम/आयोजनाको जोखिम पक्ष एवम् कार्यान्वयनको क्रममा थप स्रोत आवश्यक पर्ने भएमा पुष्ट्याई सहित सो को छुट्टै विवरण तयार गर्ने। यसको आधारमा आवश्यकता अनुसार अर्थ मन्त्रालयले थप स्रोतको व्यवस्थापन मिलाउने।

मार्गदर्शनमा उल्लेखित निर्देशनमा आधारित रही आगामी आर्थिक वर्ष २०७८/७९ को वार्षिक विकास कार्यक्रम तथा बजेट र मध्यमकालीन खर्च संरचना तयार गरी प्रस्ताव गर्ने।

**पुनश्चः** आर्थिक वर्ष २०७८/७९ को वार्षिक विकास कार्यक्रम तथा बजेट र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी मार्गदर्शन, २०७७ र बजेट कोड सम्बन्धी विवरण अर्थ मन्त्रालयको वेब साइटः https://mof.gov.np र राष्ट्रिय योजना आयोगको वेब साइटः https://www.npc.gov.np मा समेत हेर्न सकिने छ।

# संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ बमोजिम विकास कार्यक्रम तथा आयोजना वर्गीकरणका आधारहरू

यस मापदण्डको आधारमा चालु आर्थिक वर्षसम्म संघबाट संचालन भइरहेका र नयाँ विकास कार्यक्रम तथा आयोजना वर्गीकरण तथा बाँडफाँटका समष्टिगत र क्षेत्रगत आधारहरू निर्धारण गरिएको छ।

**१. समष्टिगत आधारहरू**

१. नेपालको संविधानको अनुसूची ५, ६ र ८ मा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको एकल अधिकारको सूची अन्तरगतका कार्यहरू तत् तत् तहले सम्पादन गर्ने। यस अन्तरगत वित्तीय संघीयता कार्यान्वयन हुनु अगाडि केन्द्रबाट कार्यान्वयन भइआएका कार्यक्रम तथा आयोजनाहरू जुन तहको कार्यक्षेत्रभित्र पर्दछ, सोही तहबाट कार्यान्वयन हुने गरी हस्तान्तरण गर्ने। नयाँ कार्यक्रम तथा आयोजनाहरू संविधानको अनुसूचीहरूको अधिकारसूची बमोजिम सम्बन्धित तहमा प्रस्ताव गर्ने।

२. नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट संघबाट सञ्चालन गरिने गरी निर्णय भएका विकास कार्यक्रम तथा आयोजनाहरू संघबाट संचालन गर्ने।

३. नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा उल्लेखित संघीय विषयगत मन्त्रालयहरूको जिम्मेवारीमा परेका कार्यहरू संघले सम्पादन गर्ने।

४. यो मापदण्ड लागू हुनु पूर्व नै दातृ पक्षसँग सम्झौता भई कार्यान्वयन भएको बाहेक वैदेशिक सहायतामा सञ्चालित विकास कार्यक्रमहरू तत् तत् तहबाट कार्यान्वयन गर्ने। साथै, दातृ निकायसँग थप वा पूरक सम्झौता गरी सञ्चालन हुने विकास कार्यक्रमहरूको राष्ट्रिय तथा अन्तर प्रदेश वा अन्तर स्थानीय तह समन्वय तथा अनुगमन एवम् विकास साझेदारहरूसँग समन्वय र सहजीकरण संघले गर्ने।

५. बहुवर्षीय ठेक्कापट्टा भई सञ्चालनमा रहेका र नेपाल सरकारको दायित्व सिर्जना भएका विकास कार्यक्रमहरू प्रदेश सरकार र स्थानीय तहलाई सवल बनाउँदै क्षमता वृद्धि गरी तत् तत् तहमा स्रोत र ठेक्का व्यवस्थापनको अभिलेख सहित हस्तान्तरण गर्ने।

६. समान प्रकृतिका विकास कार्यक्रमहरूलाई गाभी संविधान बमोजिम जुन तहले सञ्चालन गर्नुपर्ने हो सोही तहमा हस्तान्तरण गर्ने।

७. चालु आर्थिक वर्षमा सम्पन्न हुने आयोजनाहरूलाई सञ्चालन र मर्मतका लागि कार्यजिम्मेवारी अनुसार संघ, प्रदेश र स्थानीय तहले स्रोत व्यवस्थापन गरी सञ्चालन गर्ने।

८. संघले संघीय संरचना अनकूल नदेखिएका विकास समिति, परिषद्, बोर्ड, कोष, प्रतिष्ठान, प्राधिकरण, केन्द्र, आयोगहरू खारेज गर्ने।

९. संघले अनुसन्धानमूलक, अन्वेषणात्मक र विशिष्टीकृत क्षमता विकास सम्बन्धी संस्था वा कार्यक्रमहरू एकीकृत गरी सञ्चालन गर्ने।

१०. संघले एक भन्दा बढी एकाई वा तहमा उपयोग हुने तथा विभाजन गर्दा प्राविधिक तथा आर्थिक रुपमा उपयुक्त नहुने प्रकृतिका संस्था वा कार्यक्रमहरू एकीकृत रुपमा सञ्चालन गर्ने।

११. विकास कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको लागि बृहत् लगानी आवश्यक पर्ने र वैदेशिक सहायता परिचालन गर्नुपर्ने राष्ट्रिय स्तरका कार्यक्रम तथा आयोजनाहरू संघले सञ्चालन गर्ने।

१२. राष्ट्रियस्तरका प्रयोगशाला संचालन र सोको मापदण्ड, प्रमाणीकरण (Accreditation) तथा अनुसन्धानको कार्य संघले गर्ने।

१३. गरिबी निवारणमा राष्ट्रव्यापी प्रभाव पार्ने कार्यक्रमहरू संघले सञ्चालन गर्ने।

१४. एकभन्दा बढी प्रदेशमा सञ्चालन हुने कार्यक्रम तथा आयोजना संघले र एकभन्दा बढी स्थानीय तहमा सञ्चालन हुने कार्यक्रम तथा आयोजना सम्बन्धित प्रदेशले कार्यान्वयन गर्ने। सोको अनुगमन, नियमन, समन्वय र सहजीकरण गर्न आयोजना समन्वय/सहजीकरण इकाई संघमा रहने।

१५. समष्टिगत/क्षेत्रगत नीति, कानुन, मापदण्ड, राष्ट्रिय कार्ययोजना, नियमन, समन्वय र अनुसन्धान सम्बन्धी कार्य संघले गर्ने।

१६. संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने आयोजना/कार्यक्रममा दोहोरोपना नआउने गरी बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने।

१७. राष्ट्रिय गौरवका आयोजना तथा राष्ट्रिय रूपमा रणनीतिक महत्वका कार्यक्रम/आयोजना संघबाट सञ्चालन गर्ने।

१८. संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार भित्रका सह-लगानीमा संचालन हुने कार्यक्रमका लागि लगानीको ढाँचा सहित कार्यक्रम प्रस्ताव गर्ने।

१९. संघले विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ र समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ मा भएको व्यवस्था बमोजिम स्रोत हस्तान्तरण गर्ने।

२०. संघबाट हस्तान्तरण हुनु पूर्व आर्थिक दायित्व सिर्जना भइसकेको कार्यक्रम/आयोजना सम्पन्न गर्नको लागि आवश्यक पर्ने बजेट संघले सशर्त अनुदानको रूपमा उपलब्ध गराउने। प्रदेश र स्थानीय तहले पनि यस्ता कार्यक्रम/आयोजनाको लागि स्रोतको व्यवस्था गरी अधुरा आयोजनाहरू आगामी दुई वर्षभित्र सम्पन्न गर्ने।

२१. कार्यप्रगतिमा रहेका दुई वर्षभित्र सम्पन्न हुने कार्यक्रम/आयोजना सम्पन्न गर्न संघ, प्रदेश र स्थानीय तहबाट स्रोत सुनिश्चितता सहित बजेट प्रस्ताव गर्ने।

२२. कार्यक्रम/आयोजना प्रस्ताव गर्दा स्वीकृत संगठन संरचनालाई आधार लिने। संस्थागत संरचना प्रदेश वा स्थानीय तहमा गइसकेको तर विगतमा संघको कार्यक्षेत्रमा राखिएका कार्यक्रम/आयोजना सम्बन्धित प्रदेश एवम् स्थानीय तहमा हस्तान्तरण गर्ने।

२३. तीन तहको अधिकार क्षेत्रको स्वीकृत भई लामो समय देखि न्यून प्रगति भएका र कमजोर कार्यान्वयन अवस्थामा रहेका विकास कार्यक्रम/आयोजनाहरूलाई पुन:प्राथमिकीकरण गर्ने, गाभ्ने वा बन्द गर्ने।

२४. संघ र प्रदेश, संघ, प्रदेश र स्थानीय तह तथा प्रदेश र स्थानीय तहको साझा अधिकारसूचीमा रहेका विषयसँग सम्बन्धित बृहत् लगानी र अन्तर प्रदेश प्रभावित आयोजना संघले गर्ने, अन्तर स्थानीय तह प्रभावित आयोजना प्रदेशले गर्ने र अन्य स्थानीय तहमा हस्तान्तरण गर्ने।

२५. आयोजनाको लागतको तुलनामा न्यून विनियोजन भएका र कुनै कार्यक्रम अन्तर्गत आयोजनाको सूची मात्र भएका र एकमुष्ट रकम विनियोजन हुँदै आएका सालबसाली प्रकृतिका आयोजनाहरू र खास गरी सडक, सिँचाइ र खानेपानीमा एकमुष्ट रकम उपलब्ध गराई सम्बन्धित प्रदेश र स्थानीय तहले नै प्राथमिकीकरण गरी तीन वर्ष भित्र सम्पन्न हुने गरी कार्यान्वयनको व्यवस्था गर्ने।

२६. संघबाट सञ्चालन गर्ने गरी अबण्डा देखाइएको विकास कार्यक्रम/आयोजना प्रकृति हेरी तीन तहमा विभाजन गर्ने।

२७. वित्तीय संघीयताको कार्यान्वयन पूर्वका विकास आयोजनाहरू निर्माण सम्पन्न गर्ने गरी सशर्त अनुदान मार्फत प्रदेश र स्थानीय तहलाई स्रोत सहित आयोजना हस्तान्तरण गर्ने। सशर्त अनुदान मार्फत प्रदेश र स्थानीय तहबाट निर्माण र सञ्चालन हुने कार्यक्रम तथा आयोजनाको राष्ट्रिय मापदण्ड र नतिजा सूचकको आधारमा स्रोत हस्तान्तरण गर्ने।

२८. प्रगति शून्य भएका र बाँकी अवधिमा रकम विनियोजन गर्दा समेत सम्भावना नदेखिएका आयोजना/कार्यक्रम बजेटबाट हटाई थप अध्ययन सहित आयोजना बैंकमा समावेश गर्ने व्यवस्था मिलाई पूर्व-तयारी पुरा गरेपश्चात बजेट प्रस्ताव गर्ने।

## २. क्षेत्रगत आधारहरू

### (क) शासकीय व्यवस्था एवम् सुशासन

१) संघबाट सञ्चालन हुने

- संघीय शासन प्रणाली र अन्तर प्रदेश समन्वय
- सुशासन प्रवर्द्धन तथा शासकीय सुधार
- मानव अधिकार
- राष्ट्रिय अनुसन्धान, राजश्व चुहावट नियन्त्रण, सम्पत्ति शुद्धीकरण तथा भ्रष्टाचार निवारण
- राष्ट्रिय तथा अन्तर प्रादेशिक आयोजनाहरूको नतिजा व्यवस्थापन

(२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रादेशिक शासन प्रणाली र अन्तर स्थानीय तह समन्वय
- सुशासन प्रबर्द्धन तथा शासकीय सुधार
- वस्तु तथा सेवाको उत्पादन र उत्पादकत्व वृद्धि सम्बन्धी अनुसन्धान ब्युरो
- प्रादेशिक तथा स्थानीय आयोजनाहरूको नतिजा व्यवस्थापन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीय सुशासन र सेवा प्रवाह

### (ख) अर्थ

१) संघबाट सञ्चालन हुने

- संघीय सार्वजनिक वित्त व्यवस्थापन
- अन्तरसरकारी वित्त व्यवस्थापन तथा संघीय आर्थिक कार्य प्रणाली
- रणनीतिक वित्तीय हस्तक्षेप तथा वित्तीय उत्प्रेरणा सम्बन्धी कार्य
- बैंकिङ्ग तथा वित्तीय क्षेत्र, पुँजीबजार र कर्जा सुरक्षण

- आर्थिक नीति विश्लेषण
- आन्तरिक ऋण व्यवस्थापन
- सार्वजनिक संस्थान व्यवस्थापन
- वैदेशिक अनुदान, सहयोग तथा ऋण परिचालन

(२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रादेशिक योजना तथा सार्वजनिक वित्त व्यवस्थापन
- संघको सहमतिमा वैदेशिक अनुदान र सहयोग परिचालन
- स्थानीय तहमा वित्त हस्तान्तरण
- लघु बीमा (कृषि, पशु) तथा साना प्रकृतिका अनुदान

(३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीय योजना तथा सार्वजनिक वित्त व्यवस्थापन

**(ग) उद्योग, वाणिज्य तथा आपूर्ति**

(१) संघबाट सञ्चालन हुने

- औद्योगिक लगानी प्रवर्द्धन र सहजीकरण
- औद्योगिक पूर्वाधार विकास तथा विशेष आर्थिक क्षेत्र विकास, सञ्चालन र प्रवर्द्धन
- पेट्रोलियम तथा खानी अन्वेषण जस्ता ठूला लगानी आवश्यक पर्ने र राष्ट्रिय हित, द्विपक्षीय र बहुपक्षीय समन्वय आवश्यक पर्ने संवेदनशील लगानीका विषयहरू
- भू-वैज्ञानिक सर्वेक्षण तथा अनुसन्धान
- बृहत् प्रभाव पार्ने औद्योगिक व्यवसाय विकास सम्बन्धी कार्यक्रम
- व्यापार सूचना, निर्यात सहयोग, द्विपक्षीय तथा बहुपक्षीय व्यापार तथा पारवहन
- खाद्यवस्तु तथा अत्यावश्यक सेवाको सन्तुलित वितरण (जस्तैः नुन तथा खाद्यान्न ढुवानी)
- देशभर उत्पादित वस्तु र सेवाको राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय बजारीकरण
- कम्पनी प्रशासन सम्बन्धी
- विदेशी लगानी स्वीकृति सम्बन्धी अनुमति लिनुपर्ने उद्योगको अनुमति
- व्यापार सूचना तथा निकासी प्रवर्द्धन
- ग्रामीण उद्यम विप्रेषण

(२) प्रदेश तहबाट सञ्चालन हुने

- ग्रामीण उद्यम (लघु तथा घरेलु समेत) तथा उद्यमशीलता प्रवर्द्धन
- आन्तरिक बजार विकास र सोका लागि आवश्यक सीप विकास
- लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, विकास र प्रवर्द्धन
- औद्योगिक ग्रामहरूको स्थापना र सञ्चालन
- व्यापार सूचना तथा निकासी प्रवर्द्धन
- उद्यमशीलता, व्यवसायिक सीप विकास र तालिम
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम
- स्थानीय तहमा उपभोग्य वस्तुको माग आपूर्ती विश्लेषण

(३) स्थानीय तहबाट सञ्चालन हुने

- उद्यमशीलता, व्यावसायिक सीप विकास
- लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन र विकास
- बजार अनुगमन
- उपभोक्ताको हक हितका विषयमा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू

**(घ) ऊर्जा, जलस्रोत तथा सिंचाइ**

(१) संघबाट सञ्चालन हुने

- ठूला प्रकृतिका (तराई-मधेशमा ५,००० हेक्टर भन्दा माथि, पहाडी क्षेत्रमा १०० हेक्टर र हिमाली क्षेत्रमा ५० हेक्टरभन्दा माथिका) सतह सिंचाइ आयोजनाहरूको अध्ययन, अनुसन्धान, गुरुयोजना तथा निर्माण, मर्मत सम्भार तथा व्यवस्थापन
- एकभन्दा बढी प्रदेशहरूसँग सम्बन्धित सिंचाइ आयोजनाहरूको निर्माण तथा समन्वय
- अन्तर्राष्ट्रिय सीमा नदीहरूको व्यवस्थापन
- ठूला नदीहरू एवम् महाभारत श्रृंखलाबाट उद्गम भएका ठुला नदीहरूको नियन्त्रण तथा व्यवस्थापन
- प्रादेशिक सीमा नदीहरूको व्यवस्थापन एवम् सम्भावित विवादहरूको समाधान
- एक भन्दा बढी प्रदेशमा सञ्चालन हुने सिँचाइ तथा नदी नियन्त्रण सम्बन्धी आयोजनाहरू
- तराई-मधेश र पहाडी कोरिडोरमा एकीकृत रूपमा सञ्चालन गरिने सतह तथा लिफ्ट सिँचाइ प्रणाली एवम् सौर्य ऊर्जाको समेत प्रयोग गरी क्लष्टरमा सञ्चालन गरिने विशेष प्रकृतिका सतही र भूमिगत सिँचाइ प्रणालीहरू
- लम्बाइ २०० मिटर, फेदको चौडाइ १०० मिटर तथा कुल पहिरो क्षेत्र २०,००० वर्ग मिटर भन्दा माथिका पहिरो नियन्त्रण तथा व्यवस्थापन
- २० मेगावाट भन्दा माथिका जलविद्युत आयोजनाहरू निर्माण र व्यवस्थापन
- २० मेगावाट भन्दा माथिका सौर्य उर्जा प्रणाली
- ३३ के.भी. र सो भन्दा माथिका प्रसारण लाईनहरूको निर्माण, सञ्चालन र व्यवस्थापन
- विद्युतको राष्ट्रिय वितरण प्रणाली विकास र सञ्चालन
- जलस्रोत सम्बन्धी अध्ययन र अनुसन्धान
- मौसम र जल मापन, मौसम तथा जल विज्ञान सम्बन्धी विषयहरू
- जलस्रोत, ऊर्जा, सिँचाइ, जल उत्पन्न प्रकोप सम्बन्धी नीति, रणनीति र कानुन निर्माण

(२) प्रदेश तहबाट सञ्चालन हुने

- तराई-मधेशमा २०० हेक्टर देखि ५,००० हेक्टरसम्म, पहाडी क्षेत्रमा ५० हेक्टर देखि १०० हेक्टरसम्म र हिमाली क्षेत्रमा २५ देखि ५० हेक्टरसम्मका मझौला प्रकृतिका सिँचाइ आयोजनाको अध्ययन, अनुसन्धान, गुरुयोजना तयारी, निर्माण एवम् व्यवस्थापन
- एकभन्दा बढी स्थानीय तहसँग सम्बन्धित सिंचाइ आयोजनाहरूको निर्माण तथा समन्वय
- नयाँ प्रविधिमा आधारित एकीकृत नदी तथा जलाधार व्यवस्थापन सम्बन्धी आयोजनाहरू
- ३ मेगावाट भन्दा माथि २० मेगावाट सम्मका (प्रदेश स्तरीय) जलविद्युत आयोजनाहरूको निर्माण तथा सञ्चालन

- ३ मेगावाट भन्दा माथि २० मेगावाट सम्मका सौर्य उर्जा प्रणाली आयोजनाहरूको निर्माण तथा सञ्चालन
- ११ के.भी. देखि ३३ के.भी. भन्दा साना प्रसारण लाइन निर्माण र व्यवस्थापन
- ग्रामीण तथा सामुदायिक विद्युतीकरण
- भूमिगत जल सिंचाइ अन्तरगत मेशिन ड्रिल टयूबवेल तथा डिप टयूववेल सिंचाइ योजनाहरू निर्माण, मर्मत तथा व्यवस्थापन
- मझौला प्रकृतिका नदीहरू (महाभारत पहाड र चुरे पहाडबाट उद्गम भई बग्ने नदी) नियन्त्रण/व्यवस्थापन
- लम्बाइ १०० देखि २०० मिटरसम्म,फेदको चौडाइ ५० देखि १०० मिटर तथा कुल क्षेत्र ५००० देखि २०,००० वर्ग मिटर सम्मका पहिरो नियन्त्रण तथा व्यवस्थापन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- ग्रामीण जलस्रोत व्यवस्थापन
- ३ मेगावाट सम्मका जलविद्युत आयोजना निर्माण र सञ्चालन
- ३ मेगावाट सम्मका सौर्य उर्जा आयोजना निर्माण र सञ्चालन
- साना जलस्रोत संरचनाको पुनर्निर्माण, पुनर्स्थापन, मर्मत सम्भार तथा व्यवस्थापन
- ग्रामीण तथा सामुदायिक विद्युतीकरण
- साना/स्थानीय खोला नियन्त्रण तथा पहिरो व्यवस्थापन
- घरेलु तथा सामुदायीक बायोग्यास प्रणाली

यस अघि नै संघबाट प्रदेशमा हस्तान्तरण भए तापनि यस मापदण्ड बमोजिम पर्ने क्रमागत आयोजनाहरू समेत प्रदेशको अनुरोधमा संघबाट पूरा गर्न सकिनेछ।

**(ङ) कानुन, न्याय तथा संसदीय मामिला**

(१) संघबाट सञ्चालन हुने

- सर्वोच्च अदालत,उच्च अदालत,जिल्ला अदालत तथा न्याय प्रशासन सम्बन्धी कार्यहरू
- अन्तर्राष्ट्रिय प्रतिबद्धता बमोजिम कानुन तर्जुमा
- संघीय प्रणाली बमोजिम विद्यमान कानुनको समीक्षा र परिमार्जन तथा नयाँ कानुन निर्माण
- न्याय प्रशासन सुधार
- निःशुल्क कानुनी सहायता
- कानुनी शिक्षा सचेतना
- न्याय सम्पादन तालिम

(२) प्रदेश तहबाट सञ्चालन हुने

- संघीय प्रणाली बमोजिम प्रादेशिक कानुन निर्माण
- कानुनी शिक्षा सचेतना
- मेलमिलाप र मध्यस्थता

(३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीय सरकारका जनप्रतिनिधिहरूको न्याय सम्पादनसँग सम्बन्धित तालिम

- कानुनी शिक्षा सचेतना
- स्थानीय मेलमिलाप र मध्यस्थता
- स्थानीय तहको कानुन निर्माण

**(च) कृषि तथा पशुपन्छी विकास**

(१) संघबाट सञ्चालन हुने

- कृषि तथा पशुपन्छी सम्बन्धी अनुसन्धान, प्रयोगशाला तथा क्वारेण्टाइन
- बजार श्रृंखला विकास र राष्ट्रियस्तरको कृषि सूचना तथा संचार एवम् बजार प्रवर्द्धन
- रासायनिक मल खरिद, आयात तथा अनुदान
- गरिबी निवारण सम्बन्धी राष्ट्रिय स्तरका कार्यक्रम
- उन्नत बीऊ बिजन खरिद, विकास, प्रवर्द्धन र सन्तुलित वितरण
- कृषि क्षेत्रको औद्योगिकीकरण सम्वन्धी कार्यक्रम
- पशु स्वास्थ्य, पशु रोग नियन्त्रण, महामारी नितन्त्रण, उपचार र औषधि वितरण
- पशु नश्ल सुधार सम्बन्धी व्यवस्थापन
- राष्ट्रियस्तरका खोप उत्पादन तथा व्यवस्थापन

(२) प्रदेश तहबाट सञ्चालन हुने

- उत्पादन केन्द्रीत कृषि तथा पशुपन्छी फार्म/केन्द्रहरू
- उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्यहरू
- कृषि क्षेत्रको व्यावसायीकरण र वजारीकरण सम्वन्धी कार्यक्रम
- बीऊ आपूर्ति र नियमन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- कृषि तथा पशु उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्यहरू
- कृषि तथा पशु प्रसार सम्बन्धी कार्यहरू
- कृषि क्षेत्रको व्यावसायीकरण, बजारीकरण र औद्योगिकीकरणका लागि उत्पादन वृद्धि कार्यक्रम

**(छ) भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण**

(१) संघबाट सञ्चालन हुने

- भू-सूचना तथा अभिलेख व्यवस्थापन एवम् भू-उपयोग योजना सम्बन्धी कार्यहरू
- राष्ट्रिय नाप नक्सा, खगोल तथा सीमा नापी
- मुक्त कमैया तथा हलिया सम्बन्धी कार्यक्रम
- सहकारी सम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड, अनुसन्धान, समन्वय, तथ्यांक व्यवस्थापन र अनुगमन

(२) प्रदेश तहबाट सञ्चालन हुने

- मुक्त कमैया तथा हलिया लगायत गरीब लक्षित विशिष्टीकृत कार्यक्रम
- गुठी व्यवस्थापन
- दुइ वा सो भन्दा बढी स्थानीय निकायमा कार्यक्षेत्र रहेका सहकारीको नियमन
- प्रदेशभित्रका सहकारीको क्षमता विकास

(३) स्थानीय तहबाट सञ्चालन हुने

- राष्ट्रियस्तरमा प्रभाव पार्ने बाहेकका नाप नक्सा तथा सीमा नापी
- मुक्त कमैया तथा हलिया लगायत गरीब लक्षित विशिष्टीकृत कार्यक्रम
- गुठी, कोष तथा ट्रष्टहरूको व्यवस्थापन (नेपाल ट्रष्टको कार्यालय बाहेक)
- सहकारी दर्ता तथा सहकारीहरूको अनुगमन

**(ज) खानेपानी**

(१) संघबाट सञ्चालन हुने

- राष्ट्रिय प्रकृतिका ठूला आयोजना
- सह लगानीमा निर्माण हुने वैदेशिक सहायताका आयोजना
- ढल प्रशोधन सहितका आयोजना
- तराई-मधेशमा १५ हजार, पहाडी क्षेत्रमा ५ हजार र हिमाली क्षेत्रमा १ हजार भन्दा बढी जनसंख्यालाई प्रशोधित खानेपानी सेवा पुऱ्याउने आयोजना
- खानेपानीको स्रोत र वितरण छुट्टाछुट्टै प्रदेशमा पर्ने खानेपानी आयोजनाहरू
- ठूलो लगानी आवश्यक पर्ने बहुउद्देश्यीय फोहोरमैला व्यवस्थापन तथा प्रशोधनका कार्यहरू

(२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रदेशस्तरका आधारभूत खानेपानी उत्पादन, प्रशोधन र वितरण सम्बन्धी कार्यहरू
- तराई-मधेशमा ५ देखि १५ हजार, पहाडी क्षेत्रमा ३ देखि ५ हजार र हिमाली क्षेत्रमा ५ सय देखि १ हजार सम्मको जनसंख्यालाई खानेपानी सेवा पुऱ्याउने आयोजना
- फोहोरमैला व्यवस्थापन र प्रशोधनका कार्यहरू
- एकभन्दा बढी स्थानीय तहलाई प्रभाव पार्ने आयोजनाहरू

(३) स्थानीय तहबाट सञ्चालन हुने

- आधारभूत खानेपानी आयोजना
- तराई-मधेशमा ५ हजारसम्म, पहाडमा ३ हजारसम्म र हिमालमा ५ सय सम्मको जनसंख्यालाई खानेपानी सेवा पुऱ्याउने आयोजना
- खानेपानीको वितरण तथा अनुगमन
- सरसफाइ सम्बन्धी जनचेतना अभिवृद्धि
- ग्रामीण खानेपानी तथा सरसफाइ र फोहोरमैला व्यवस्थापन

**(झ) गृह**

(१) संघबाट सञ्चालन हुने

- देशभित्रको शान्ति सुरक्षा, शरणार्थी व्यवस्थापन र अन्तर्राष्ट्रिय सीमा व्यवस्थापन
- अध्यागमन
- विपद् व्यवस्थापन
- केन्द्रीय प्रहरी, सशस्त्र प्रहरी बल
- लागू औषध नियन्त्रण
- कारागार व्यवस्थापन
- राष्ट्रिय पञ्जीकरण तथा अभिलेख व्यवस्थापन

(२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रदेश शान्ति सुरक्षा, प्रदेश प्रहरी प्रशासन तथा सामुदायिक प्रहरी
- मानव बेचबिखन र लागू औषध कारोबार सम्बन्धी सूचना संकलन, विश्लेषण तथा प्रवाह र नियन्त्रण तथा सचेतना
- प्रदेश लोकमार्ग र स्थानीय मार्गमा ट्राफिक व्यवस्थापन
- स्थानीय सेवा प्रवाह र सुशासन
- संघ, संस्था दर्ता, अभिलेखीकरण र नियमन
- विपद् व्यवस्थापन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- मानव बेचबिखन र लागू औषध कारोबार सम्बन्धी सूचना संकलन तथा सचेतना
- नगर प्रहरी
- स्थानीय शान्ति समिति सम्बन्धी कार्य
- विपद् व्यवस्थापन

**(ञ) परराष्ट्र**

१) संघबाट सञ्चालन हुने

- परराष्ट्र तथा कूटनीतिक मामिला र अन्तर्राष्ट्रिय सम्बन्ध
- आर्थिक कुटनीति
- गैर आवासीय नेपाली
- राहदानी तथा भिसा
- विदेशमा रहेका नेपालीको अभिलेख तथा उद्धार

(२) प्रदेश तहबाट सञ्चालन हुने

- नभएको

(३) स्थानीय तहबाट सञ्चालन हुने

- नभएको

**(ट) भौतिक पूर्वाधार तथा यातायात**

(१) संघबाट सञ्चालन हुने

- नेपालको संविधान को अनुसुची (५) मा उल्लेख भएको सघंको क्षेत्राधिकारमा रहेको संघीय लोकमार्गको विकास तथा विस्तार
- पुर्व — पश्चिम लोकमार्गबाट प्रादेशिक राजधानीहरू तथा केन्द्रिय राजधानी जोड्ने छोटो दुरीको द्रुत मार्ग निर्माण तथा स्तरोन्नोती (जटिल प्रकृतिको सडक खण्डको सुरुङिकरण गर्ने कार्य समेत)
- अन्तर्राष्ट्रिय सिमाना (नाका) जोड्ने उत्तर — दक्षिण लोकमार्गहरू
- राष्ट्रिय राजधानी वा प्रदेश राजधानीहरूको पूर्व — पश्चिम लोकमार्गबाट उत्तर वा दक्षिण वा दुबै सीमा जोड्ने व्यापारिक मार्गहरू
- पुष्पलाल लोकमार्गबाट राष्ट्रिय राजधानी तथा  प्रादेशिक राजधानी जोड्ने प्रमुख सडक
- राष्ट्रिय लोकमार्ग बाट राष्ट्रिय गौरवका आयोजना स्थलसम्मको पहुँच मार्ग

- राष्ट्रिय लोकमार्गमा पर्ने पुलहरू
- सुरुङ मार्ग र सुरुङ समेत समावेश भएको मार्ग
- संघीय लोकमार्गको यातायात तथा सडक सुरक्षा सम्बन्धी कार्यहरू
- प्रदेश सरकारको अनुरोधमा नेपाल सरकारले मापदण्ड तोकी सो अनुरूप निर्णय गरी संघमा जिम्मेवारी दिएको सडक
- राष्ट्रिय सडक सञ्जालसँग जिल्ला सदरमुकाम जोड्ने सडक

(२) प्रदेश तहबाट सञ्चालन हुने

- नेपालको संविधानको अनुसूची (६) मा उल्लेख भएको प्रदेशको क्षेत्राधिकार मा रहेको प्रदेशिक लोकमार्गको बिकास तथा बिस्तार
- साबिकका स्थानीय पूर्वाधार तथा कृषि सडक विभागबाट भइरहेको सम्पुर्ण कार्यहरू (संरचना सहित)
- प्रादेशिक राजधानीलाई स्थानय तहको केन्द्रसँग जोड्ने सडकहरू
- दुई वा सइ भन्दा बढी स्थानीय तहको केन्द्र जोड्ने प्रमुख सडक
- प्रादेशिक लोकमार्गमा पर्ने पुलहरू
- झोलुङ्गे पुल
- प्रदेशिक लोकमार्गको यातायात तथा सडक सुरक्षा सम्बन्धी कार्यहरू
- यातायात कम्पनी दर्ता, नवीकरण र सवारी साधन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- नेपालको संविधान को अनुसुची (८) मा उल्लेख भएको स्थानीय सरकारको को क्षेत्राधिकार मा रहेको स्थानीय सडक, कृषि सडक तथा ग्रामिण सडकको बिकास तथा बिस्तार
- ग्रामिण सडक तथा सामुदायिक पूर्वाधारको बिकास तथा बिस्तार
- स्थानीय स्तरको यातायात नीति, अनुमति, नियमन र व्यबस्थापन
- स्थानीय यातायात व्यवस्थापन तथा सडक सुरक्षा

**(ठ) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक**

(१) संघबाट सञ्चालन हुने

- अन्तर्राष्ट्रिय अभिसन्धि, अनुबन्ध सम्बन्धी कार्यहरू तथा प्रतिवेदन
- राष्ट्रपति महिला उत्थान कार्यक्रम
- राष्ट्रिय स्तरका वृद्धाश्रम व्यवस्थापन तथा अनुगमन
- बालबालिका सम्बन्धी नीति निर्माण
- सामाजिक संरक्षणका एकीकृत कार्यक्रम
- सुरक्षित आवास गृह, बाल कल्याण केन्द्र
- राष्ट्रिय स्तर र दुइ वा सो भन्दा बढी प्रदेशमा कार्यक्षेत्र भएका गैर सरकारी संस्थाहरूको नियमन

(२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रदेशस्तरका महिला विकास कायर्क्रम
- महिला सचेतना तथा विकास सम्बन्धी तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम
- प्रदेशस्तरका वृद्धाश्रम र बालग्राम व्यवस्थापन तथा अनुगमन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीयस्तरका महिला विकास कार्यक्रम
- महिला सचेतना तथा विकास सम्बन्धी तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम
- सामाजिक संरक्षण प्राप्त गर्ने लाभग्राहीलाई परिचय पत्र वितरण, ज्येष्ठ नागरिक मञ्च सञ्चालन, दिवा सेवा केन्द्र सञ्चालनका कार्य
- सामाजिक संरक्षणका स्थानीय क्रियाकलापहरू

**(ड) रक्षा**

१) संघबाट सञ्चालन हुने

- नेपाली सेना
- अन्तरराष्ट्रिय सिमानाको सुरक्षा तथा नियमन
- राष्ट्रिय सुरक्षा सूचना तथा संचार प्रणाली एवम् संजाल स्थापना, संचालन र व्यवस्थापन
- राष्ट्रिय सेवा दलको संचालन र व्यवस्थापन
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षहरूको सुरक्षा
- विपद् प्रतिकार्यमा सहयोग र समन्वय

(२) प्रदेश तहबाट सञ्चालन हुने

- नरहेको

(३) स्थानीय तहबाट सञ्चालन हुने

- नरहेको

**(ढ) युवा तथा खेलकुद**

(१) संघबाट सञ्चालन हुने

- राष्ट्रिय/अन्तरराष्ट्रिय स्तरको खेल पूर्वाधारहरूको विकास, निर्माण तथा स्तरोन्नति
- राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिताको आयोजना तथा सहभागिता

(२) प्रदेश तहबाट सञ्चालन हुने

- युवा वैज्ञानिक प्रोत्साहन
- युवासम्बन्धी प्रादेशिक नीति, कानुन, योजना, कार्यान्वयन तथा नियमन
- राष्ट्रिय विकास स्वयंसेवक परिचालन
- स्काउट सम्बन्धी कार्यहरू
- प्रदेशस्तरमा खेलकुद विकास तथा प्रादेशिक पूर्वाधारहरूको विकास, निर्माण र स्तरोन्नति
- प्रादेशिक खेलकुद प्रतियोगिताको आयोजना तथा सहभागिता

(३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीय स्तरमा युवा जागरण, सशक्तीकरण र परिचालन
- स्थानीय स्तरमा युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास
- स्थानीय स्तरमा खेलकुद विकास तथा यसका पूर्वाधारहरूको विकास, निर्माण र स्तरोन्नति
- स्थानीय स्तरका खेल प्रतियोगिता आयोजना

**(ण) वन तथा वातावरण**

(१) संघबाट सञ्चालन हुने

- वन, जैविक विविधता, वनस्पति तथा जडिबूटी, वन्यजन्तु, भू तथा जलाधार संरक्षण र व्यवस्थापन, जलवायु परिवर्तन तथा वातावरण सम्बन्धी नीति, रणनीति, कानुन, मापदण्ड, अध्ययन, अनुसन्धान, सर्वेक्षण, सीमाङ्कन तथा राष्ट्रिय तथ्याङ्क व्यवस्थापन
- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र तथा सीमसार, साइटिस तथा वन्यजन्तु अपराध नियन्त्रण, मध्यवर्ती क्षेत्रको व्यवस्थापन
- अन्तर प्रादेशिक रूपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण क्षेत्र
- राष्ट्रिय स्तरका वनस्पति तथा प्राणी उद्यान र हर्वेरियम व्यवस्थापन
- वन्यजन्तु पालन सम्बन्धी नियमन
- प्रदूषण अनुगमन र नियन्त्रण, कार्बन सेवा र कार्बन सञ्चिति
- जलवायु परिवर्तन र रेड फोरेस्ट्री
- वन डढेलो नियन्त्रण तथा व्यवस्थापन प्रणालीको विकास
- प्रकृतिमा आधारित पर्यटनका ठूला आयोजनाहरू
- वन तथा वातावरण सम्बन्धी विशिष्टीकृत तालीम
- सशस्त्र वन सुरक्षा
- बृहत् जलाधार व्यवस्थापन
- राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति
- हरित उद्यम व्यवस्थापनमा समन्वय र सहयोग
- विरुवा उत्पादन र वृक्षारोपणमा समन्वय र सहयोग

(२) प्रदेश तहबाट सञ्चालन हुने

- एक भन्दा बढी स्थानीय तहमा फैलिएको सामुदायिक र कबुलियती वनको व्यवस्थापन
- प्रदेशभित्रको राष्ट्रिय वन
- जडिबूटी विकास, उत्पादन, बजारीकरण र प्रवर्द्धन
- भू तथा जलाधार संरक्षण
- वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन
- प्रदेश स्तरीय चिडियाखाना व्यवस्थापन
- प्रदुषण अनुगमन तथा नियन्त्रण
- वन तथा वातावरण सम्बन्धी तालीम
- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू
- विरुवा उत्पादन तथा वृक्षारोपण
- हरित उद्यम स्थापना तथा सञ्चालन (काष्ठ, गैर काष्ठ र पर्या पर्यटन)
- डढेलो नियन्त्रण तथा व्यवस्थापन
- प्रकृतिमा आधारित पर्यटनका प्रदेश स्तरीय आयोजनाहरू
- वन तथा वन्यजन्तु अपराध नियन्त्रण
- वन्यजन्तु पालन

- कृषि वन
- सडक तथा नहर किनारा वृक्षारोपण र व्यवस्थापन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीय स्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कबुलियती वनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमन स्थानीय स्तरमा जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्वेक्षण, उत्पादन, संकलन, प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापन
- स्थानीय प्राणी उद्यान (चिडियाखाना) स्थापना र सञ्चालन
- भू तथा जलाधार संरक्षण
- प्रदूषण नियन्त्रण
- स्थानीयस्तरको जलवायु अनुकूलन तथा न्यूनीकरण सम्बन्धी क्रियाकलापहरू
- विरुवा उत्पादन तथा वृक्षारोपण
- वन उद्यम
- प्रकृतिमा आधारित पर्यटन
- डढेलो नियन्त्रण तथा व्यवस्थापन
- स्थानीय स्तरको भू-उपयोग योजना तथा हरित उद्यम क्षेत्र निर्धारण
- स्थानीय स्तरको वन, वनस्पति, जैविक विविधता, वन्यजन्तु संरक्षण
- काष्ठ तथा गैर काष्ठ उद्योगहरूको स्थापना र व्यवस्थापन
- सडक तथा नहर किनारा वृक्षारोपण र व्यवस्थापन
- कृषि वन
- नदी उकास क्षेत्रमा वृक्षारोपण, घाँस रोपण तथा व्यवस्थापन
- वन्यजन्तु पालन

**(त) शिक्षा, विज्ञान तथा प्रविधि**

(१) संघबाट सञ्चालन हुने

- शिक्षाका लागि खाद्यान्नको व्यवस्थापन र समन्वय
- उच्च शिक्षा
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको समन्वय, मापदण्ड र प्रमाणीकरण
- प्लानेटोरियम, विज्ञान प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान
- विद्यालय शिक्षा सम्बन्धी नियमन, पाठ्यक्रम विकास
- माध्यमिक तहको परीक्षा मानक तथा मापदण्ड विकास र समन्वय एवम् प्रमाणीकरण
- शिक्षक सेवा आयोग सम्बन्धी कार्य
- राष्ट्रिय शैक्षिक तथ्यांक तथा अभिलेख व्यवस्थापन
- राष्ट्रिय स्तरमा शिक्षा सम्बन्धी अनुसन्धान र विकास सम्बन्धी कार्यहरू

(२) प्रदेश तहबाट सञ्चालन हुने

- विद्यालय तहका शिक्षकहरूको तालिम सम्बन्धी कार्य
- माध्यमिक तह कक्षा १० को एस इ इ परीक्षा सञ्चालन

- अपांगता भएका बालबालिकाहरूका लागि विशेष आवासीय विद्यालयहरू सञ्चालन
- व्यावसायिक शिक्षा तथा प्राविधिक तालीम
- पोलिटेक्निक सञ्चालन
- विज्ञान संग्राहलय र अनुसन्धान केन्द्रहरू
- सामुदायिक पुस्तकालयहरूको सञ्चालन
- शिक्षक सेवा आयोगबाट प्रत्यायोजित कार्यहरू
- नमुना विद्यालय विकास
- प्रदेश स्तरीय शैक्षिक तथ्यांक विकास

(३) स्थानीय तहबाट सञ्चालन हुने

- विद्यालय शिक्षासँग सम्बन्धित कार्यहरू
- अनौपचारिक शिक्षा, साक्षरता कार्यक्रम
- बाल विकास कार्यक्रम
- शैक्षिक तथ्यांक र अभिलेख व्यवस्थापन
- द्वन्द्वपीडित परिवार शिक्षाको व्यवस्थापन (सहिद प्रतिष्ठान मार्फत सञ्चालन हुने शिक्षा कार्यक्रम)
- विशेष प्रकृतिका छात्रवृत्ति (द्वन्द्वपीडित, सहिद परिवार, विपन्न लक्षित)
- विद्यालय तहका शिक्षकहरूको सेवा सुविधा सम्बन्धी कार्यहरू

**(थ) श्रम, रोजगार तथा सामाजिक सुरक्षा**

(१) संघबाट सञ्चालन हुने

- सामाजिक सुरक्षा सम्बन्धी नीति, कानुन र मापदण्ड
- आन्तरिक तथा वैदेशिक रोजगार सम्बन्धी नीति, नियमन, व्यवस्थापन र समन्वय
- श्रम तथा रोजगार सम्बन्धी नीति, कानून, मापदण्ड र अभिलेख व्यवस्थापन
- मर्यादित श्रम र व्यवसायजन्य सुरक्षाको नियमन / अनुगमन
- सीप विकास सम्बम्धी क्षमता विकास / तालीम र रोजगार प्रवर्द्धन

(२) प्रदेश तहबाट सञ्चालन हुने

- सीप विकास सम्बम्धी क्षमता विकास / तालीम र रोजगार प्रवर्द्धन
- आन्तरिक रोजगारी प्रवर्द्धन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- सामाजिक सुरक्षाका कार्यक्रम
- स्थानीय स्तरको सीप विकास र रोजगार प्रवर्द्धन

**(द) शहरी विकास**

(१) संघबाट सञ्चालन हुने

- शहरी विकास सम्बन्धी अध्ययन, अनुसन्धान, गुरु योजना तथा मापदण्ड तर्जुमा तथा नियमन
- प्रदेश सरकार र स्थानीय तहमा हस्तान्तरण भएका बाहेक वहुवर्षिय खरिद गुरुयोजना स्वीकृत भइ ठेक्का प्रक्रियामा रहेका आयोजनाहरू सम्पन्न गरी हस्तान्तरण गर्ने गरी संघले सञ्चालन गर्ने। नयाँ

आयोजनाको हकमा सम्बन्धित प्रदेश र स्थानीय तहले अनुरोध गरेमा ठुला प्रकृतिका आयोजनाहरूको कार्यान्वयन गर्ने

- संघीय सरकारका भवन निर्माण, मर्मत सम्भार संघले सञ्चालन गर्ने तर अन्तर्राष्ट्रिय स्तरका बहुउपयोगी सम्मेलन केन्द्र निर्माण सम्पन्न भई सम्बन्धित तहमा हस्तान्तरण भइसकेपछि सञ्चालन र मर्मत सम्भार सम्बन्धित तहले गर्ने
- राष्ट्रिय स्तर र वातावरणीय रुपमा संवेदनशील शहरी पूर्वाधार निर्माण तथा शहरी पुनर्उत्थान कार्यक्रमको कार्यान्वयन
- मेघा सिटि तथा स्मार्ट सिटिको शहरी विकास
- राष्ट्रियस्तरका शहरी पूर्वाधार निर्माण तथा सञ्चालन
- राष्ट्रिय भवन निर्माण सम्बन्धी संहिता, मापदण्ड तर्जुमा, कार्यान्वयन तथा नियमन
- अन्तर प्रादेशिक तथा क्षेत्रीय स्तरका शहरी पूर्वाधार निर्माण तथा सञ्चालन
- राष्ट्रिय स्तरका आयोजनाबाट विस्थापितका लागि पूर्वाधार सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यान्वयन तथा नियमन
- एकीकृत वस्ती विकास
- संयुक्त, वहुतले, सामुहिक र सरकारी आवास नीति योजना तर्जुमा र नियमन
- संघीय राजधानी क्षेत्रको नीति, योजना, मापदण्ड निर्माण, समन्वय र अनुगमन
- काठमाण्डौ उपत्यका लगायतका प्रमुख उपत्यका तथा मुख्य शहरी करिडोरको एकीकृत शहरी विकास योजना तर्जुमा

(२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रदेशभित्रको शहरी विकास योजना तर्जुमा, शहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत संभार
- प्रदेश अन्तर्गतका आवास तथा भवन सम्बन्धी योजनाहरूको कार्यान्वयन र मार्गनिर्देशन
- प्रादेशिक राजधानी र अन्तर स्थानीय सहरको योजना तर्जुमा, कार्यान्वयन तथा संयोजन
- लक्षित आवास कार्यक्रमको नीति, योजना र कार्यान्वयन
- प्रदेश स्तरका एकीकृत बस्ती विकास
- प्रदेश तहका सरकारी भवन निर्माण तथा मर्मत सम्भार
- आधुनिक, बहुउपयोगी सम्मेलन केन्द्रहरूको निर्माण, सञ्चालन र मर्मत संभार

(३) स्थानीय तहबाट सञ्चालन हुने

- शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी स्थानीय तहको नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन
- एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन
- स्थानीय तहका शहरी पूर्वाधार
- स्थानीय तहका सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन र संरचना निर्माण र मर्मत संभार

**(ध) संस्कृति, पर्यटन तथा नागरिक उडयन**

(१) संघबाट सञ्चालन हुने

- हवाइ यातायात तथा नागरिक उड्डयन
- पर्यटन सम्बन्धी नीति, कानुन र गुरुयोजना
- राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा पर्यटन प्रवर्द्धन
- राष्ट्रिय स्तरका पर्यटन पूर्वाधार
- राष्ट्रिय संग्रहालय तथा अभिलेखालय
- विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदा
- पुरातात्विक, ऐतिहासक तथा सांस्कृतिक महत्वका सम्पदा र प्राचीन स्मारक र सो सम्बन्धी अध्ययन, अन्वेषण र अनुसन्धान
- ठूला प्रतिष्ठान र समितिहरू

(२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रदेश स्तरका पर्यटन पूर्वाधार
- भाषा, लिपी, संस्कृति, ललितकला र धार्मिक सम्पदा संरक्षण
- प्रदेश संग्रहालय
- संस्कृति तथा पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यहरू

(३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीय पर्यटन पूर्वाधार
- स्थानीय स्तरका ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदा स्मारक संरक्षण
- परम्परागत जात्रा मेला संचालन र व्यवस्थापन
- संस्कृति तथा पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यहरू

**(न) संघीय मामिला तथा सामान्य प्रशासन**

(१) संघबाट सञ्चालन हुने

- सामाजिक सुरक्षा सम्बन्धी नीति मापदण्ड र स्रोत विनियोजन
- संघीय तथा स्थानीय मामिला प्रशिक्षण
- प्रशासन सुधार
- संघीय निजामती सेवा र अन्य संघीय सरकारी सेवाका कर्मचारीको क्षमता विकास, प्रशिक्षण तथा कल्याण
- स्थानीय पूर्वाधार विकास सम्बन्धी नीति मापदण्ड

(२) प्रदेश तहबाट सञ्चालन हुने

- स्थानीय शासन तथा सामुदायिक विकास र प्रदेश स्तरका पूर्वाधार निर्माण
- प्रदेश तथा स्थानीय मामिला प्रशिक्षण
- प्रदेश तथा स्थानीय निजामती सेवा र अन्य प्रादेशिक सरकारी सेवाका कर्मचारीको क्षमता विकास, प्रशिक्षण तथा कल्याण

(३) स्थानीय तहबाट सञ्चालन हुने

- पञ्जीकरण दर्ता तथा अभिलेख व्यवस्थापन
- स्थानीय पूर्वाधार तथा ग्रामीण विकास

- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन

**(प) सञ्चार तथा सूचना प्रविधि**

(१) संघबाट सञ्चालन हुने

- सबै प्रयोजनका लागि फ्रिक्वेन्सी बाँडफाँट गर्ने, अर्बिटल स्लटको प्रयोग गर्ने, फ्रिक्वेन्सी अनुगमन गर्ने र रेडियो फ्रिक्वेन्सी सम्बन्धी नियामक कार्य
- केन्द्रीय स्तरका सूचना प्रविधि पूर्वाधारको निर्माण, सञ्चालन र नियमन
- राष्ट्रिय स्तरका रेडियो, टेलिभिजन तथा अन्य सञ्चार माध्यम सञ्चालन अनुमति, संचालन र नियमन
- हुलाक सम्बन्धी नीति नियमन, संचालन तथा व्यवस्थापन
- सुरक्षण मुद्रण
- स्याटेलाइट सञ्चालन तथा नियमन
- चलचित्र जाँच

(२) प्रदेश तहबाट सञ्चालन हुने

- १०० देखि १००० वाटसम्मको एफ. एम. रेडियो र केबुल टेलिभिजनको फ्रिक्वेन्सी प्राप्ति पश्चातको सञ्चालन अनुमति, नवीकरण र नियमन
- प्रदेश स्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन
- प्रदेश भित्र सञ्चार ग्राम संचालन, व्यवस्थापन र नियमन
- प्रदेश स्तरका सूचना प्रविधि पार्कको योजना, निर्माण, व्यवस्थापन र नियमन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- १०० वाट सम्मका एफ .एम.रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमन
- स्थानीय क्षेत्र भित्र टेलिसेन्टर सञ्चालन चलचित्र भवन निर्माण इजाजत तथा जाँचपास
- स्थानीय तहका पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख र नियमन

**(फ) स्वास्थ्य तथा जनसंख्या**

(१) संघबाट सञ्चालन हुने

- स्वास्थ्य तथा जनसंख्या सम्बन्धी अनुसन्धान, समन्वय, मापदण्ड तथा नियमन
- विशिष्टीकृत स्वास्थ्य सेवा, विशिष्टीकृत क्षेत्रीय अस्पताल
- राष्ट्रिय स्तरका तथा छुट्टै ऐन वा प्रकृयाबाट स्थापित अस्पतालको सञ्चालन र नियमन
- खोप, औषधि, उपकरण, अस्पताल तथा प्रयोगशाला सम्बन्धी मापदण्ड तथा नियमन
- स्वास्थ्य बीमा
- महामारी तथा प्रकोप रोग नियन्त्रण
- बसाइसराइ सर्वेक्षण एवम् स्थिति विश्लेषण

(२) प्रदेश तहबाट सञ्चालन हुने

- साविकमा रहेका क्षेत्रीय, उपक्षेत्रीय तथा अञ्चल अस्पताल, आयुर्वेद चिकित्सालय र जिल्ला अस्पताल
- खोप, औषधि, उपकरणको सञ्चालन
- स्थानीय तहहरूबीच स्वास्थ्य सेवाको समन्वय

- प्रादेशिक स्तरको जनसांख्यिक सूचना व्यवस्थापन, क्षमता विकास तथा अध्ययन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- आधारभूत स्वास्थ्य सेवा
- स्वास्थ्य चौकी र स्वास्थ्य केन्द्रको सञ्चालन र व्यवस्थापन
- विभिन्न रोग सम्बन्धी रोकथाम, नियन्त्रण, जनचेतना, प्रबर्द्धनात्मक र उपचारात्मक कार्यक्रम

**(ब) योजना तथा तथ्याङ्क व्यवस्थापन**

(१) संघबाट सञ्चालन हुने

- दिर्घकालीन सोच, नीति तथा योजना (आवधिक समेत) निर्माण
- विकास योजनाको अनुगमन, मूल्याङ्कन तथा अनुशिक्षण र संघीय संरचना बमोजिमको समन्वय
- संघीय मध्यमकालीन खर्च संरचना
- दिगो विकास लक्ष्य सम्बन्धी राष्ट्रिय नीति निर्माण, लक्ष्य निर्धारण, समन्वय तथा अनुगमन
- सार्वजनिक निजी साझेदारी सम्बन्धी नीति, योजना तथा समन्वय
- राष्ट्रिय विकास स्वयंसेवक सम्बन्धी नीति मापदण्ड तथा समन्वय
- राष्ट्रिय तथ्यांक नीति, मानक र गुणस्तर, समन्वय तथा व्यवस्थापन

(२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रादेशिक योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन र अनुशिक्षण
- प्रदेश मध्यमकालीन खर्च संरचना
- दिगो विकास लक्ष्यको प्रदेश तहमा आन्तरिकीकरण, कार्यान्वयन तथा समन्वय
- सार्वजनिक निजी साझेदारी सम्बन्धी प्रादेशिक योजना तथा कार्यान्वयन
- प्रादेशिक तथ्यांक र अभिलेख सम्बन्धी योजना, संकलन तथा व्यवस्थापन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीय योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन र अनुशिक्षण
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना
- दिगो विकास लक्ष्यको स्थानीय तहमा कार्यान्वयन
- सार्वजनिक निजी साझेदारी सम्बन्धी स्थानीय योजना तथा कार्यान्वयन
- स्थानीय तथ्यांक र अभिलेख सम्बन्धी योजना, संकलन तथा व्यवस्थापन
- व्यक्तिगत घटना दर्ता, अभिलेख व्यवस्थापन र प्रतिवेदन

अनुसूची २

**प्रदेशमा हस्तान्तरण हुने कार्यक्रम/आयोजनाहरूको विवरणको ढाँचा**

| क.सं. | ब.उ.शी. नं. | कार्यक्रम/आयोजना | सुरू तथा सम्पन्न वर्ष र कुल लागत (रू लाखमा) | बहुवर्षीय ठेक्का भएको भए रकम (रू लाखमा) | प्रमुख प्रतिफल | हालसम्मको प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | भौतिक | वित्तीय |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |

अनुसूची ३

**स्थानीय तहमा हस्तान्तरण हुने कार्यक्रम/आयोजनाहरूको विवरणको ढाँचा**

| क.सं. | ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | सुरू तथा सम्पन्न वर्ष र कुल लागत (रू लाखमा) | बहुवर्षीय ठेक्का भएको भए रकम (रू लाखमा) | प्रमुख प्रतिफल | हालसम्मको प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | भौतिक | वित्तीय |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |

अनुसूची ४

**आर्थिक वर्ष २०७८/७९ - २०८०/८१ को मध्यमकालीन खर्च संरचना (वार्षिक विकास कार्यक्रम समेत) मा समावेश गर्नुपर्ने विषयवस्तु**

**मन्त्रालय/आयोगः** (**Font:** कालिमाटी १२)

**क्षेत्रः**(**Font:** कालिमाटी १२)

**१. पृष्ठभूमि** (**Font:** कालिमाटी ११)

विषय क्षेत्रसँग सम्बन्धित वर्तमान अवस्था, दिगो विकास लक्ष्य सम्बन्धमा विषय क्षेत्रगत व्यवस्था र विषय क्षेत्रगत नीति, रणनीति एवम् सरकारको क्षेत्रगत प्राथमिकता तथा प्रतिबद्धता समेटेर एक अनुच्छेदमा र बढीमा आधा पृष्ठसम्म लेख्न सकिने। (**Font:** कालिमाटी १०)

**२. समस्या तथा चुनौती** (**Font:** कालिमाटी ११)

यस क्षेत्रका कार्यक्रम कार्यान्वयनमा विद्यमान प्रमुख समस्या दुई वाक्यमा नबढ्ने गरी एक अनुच्छेद तथा आगामी दिनमा सामना गर्नुपर्ने चुनौती समेत गरी एक अनुच्छेदमा लेख्न सकिने। (**Font:** कालिमाटी १०)

**३. सोच** (**Font:** कालिमाटी ११)

पन्धौं योजनामामा उल्लिखित विषय क्षेत्रगत सोच लेख्ने, एक भन्दा बढी क्षेत्रको भएमा सबै क्षेत्रको सोच लेख्ने र कोष्ठमा क्षेत्र खुलाउँदा उपयुक्त हुने। (**Font:** कालिमाटी १०)

**४. उद्देश्य** (**Font:** कालिमाटी ११)

पन्धौं योजनामाउल्लिखित विषय क्षेत्रगत उद्देश्य लेख्ने, एक भन्दा बढी क्षेत्रको भएमा सबै क्षेत्रको उद्देश्य लेख्ने र कोष्ठमा क्षेत्र खुलाउन उपयुक्त हुने। (**Font:** कालिमाटी १०)

**५. रणनीति** (**Font:** कालिमाटी ११)

पन्धौं योजनामाउल्लिखित विषय क्षेत्रगत रणनीति लेख्ने, एक भन्दा बढी क्षेत्रको भएमा सबै क्षेत्रको रणनीति लेख्ने र कोष्ठमा क्षेत्र खुलाउने। (**Font:** कालिमाटी १०)

**६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य** (**Font:** कालिमाटी ११)

आगामी ३ आ.व.को लक्ष्य निर्धारण गर्दा पन्धौं योजनाको लक्ष्यलाई मूल आधार मानी लक्ष्य उल्लेख गर्ने।

| सूचक | एकाइ | २०७६/७७ को वास्तविक उपलब्धि | २०७७/७८ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान** (**Font:** कालिमाटी ११)

अनुसूची १ र २ को आधारमा तयार गर्ने।

| आर्थिक वर्ष | बजेट | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०७८/७९ | | | | | | | |
| २०७९/८० | | | | | | | |
| २०८०/८१ | | | | | | | |

**८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण** (**Font:** कालिमाटी ११)

क्षेत्रगत रणनीतिक स्तम्भमा पन्ध्रौ योजनाबाट विषय क्षेत्रगत रणनीतिक स्तम्भ उल्लेख गर्ने। उद्देश्य संक्षिप्तमा लेख्ने (जस्तैः गरिबी निवारण, क्षमता विकास)। कार्यक्रम वा आयोजनाको सुरु र समाप्त हुने मिति अनिवार्य रूपमा खुलाउने। सालबसाली प्रकृतिका कार्यक्रम भएमा ५ वर्षको अवधिलाई एक चरण मानी सो अनुसार उल्लेख गर्ने र आयोजना अवधिको कुल लागत उल्लेख गर्ने र सोको पुष्ट्याई दिने। साधारण प्रशासन तर्फ अवधि र लागत उल्लेख गर्नु नपर्ने। अपेक्षित नतिजा र आगामी तीन वर्षको उपलब्धि सूचक उल्लेख गर्दा परिमाण खुलाउने तथा खुलाउन नसकिने प्रकृतिको भएमा छोटो बुँदामा "....... भएको हुने" भनी उल्लेख गर्ने। हाल सम्मको प्रगति स्थिति- आ.व. २०७७/७८ को दोस्रो चौमासिक सम्मको प्रगति स्थिति उल्लेख गर्ने। आ.व. २०७८/७९ मा सञ्चालन हुने प्रमुख क्रियाकलापहरू- आयोजना दस्तावेजमा उल्लेख भएका क्रियाकलाप तथा पन्ध्रौ योजनाको विषय क्षेत्रगत उद्देश्य हासिल गर्नको लागि रणनीति र कार्यनीति कार्यान्वयनमा सहयोग पुग्ने किसिमका क्रियाकलापहरू उल्लेख गर्ने।

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | आयोजना अवधि (सुरु र समाप्ति) | लागत (रू.) | अपेक्षित नतिजा | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धि | आ.व. २०७८/७९ मा सञ्चालन हुने प्रमुख क्रियाकलाप |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**९. जोखिम पक्ष तथा अनुमान** (**Font:** कालिमाटी ११)

आगामी तीन वर्षमा कार्यक्रम कार्यान्वयन गर्दा आइपर्ने सम्भावित जोखिमको आँकलन तथा सम्बोधन सहित २ वाक्यमा बढीमा एक अनुच्छेद लेख्ने। पहिलो वाक्यमा उल्लेख प्रमुख अनुमान उल्लेख गर्ने। दोस्रो वाक्यमा उक्त कार्यहरू नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ सो उल्लेख गर्ने। (**Font:** कालिमाटी १०)

**अनुसूची ५**

## कार्यक्रमको प्राथमिकीकरण, सांकेतीकरण तथा त्रिवर्षीय खर्च र स्रोत अनुमान तथा प्रक्षेपणको ढाँचा

### १०. कार्यक्रमको प्राथमिकीकरण, सांकेतीकरण तथा त्रिवर्षीय खर्च अनुमान तथा प्रक्षेपण

(रकम रू.लाखमा)

| क्र सं | बजेट उपशीर्षक | कार्यक्रम | आ.व. २०७८/७९ को विनियोजन | | | | आ.व. २०७९/८० को खर्च प्रक्षेपण | | | | आ.व. २०८०/८१ को खर्च प्रक्षेपण | | | | रणनीतिक स्तम्भ | प्राथमिकता क्रम | दिगो विकास | गरिबी | लैंगिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय | कुल | चालु | पुँजीगत | वित्तीय | कुल | चालु | पुँजीगत | वित्तीय | | | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |

- **रणनीतिक स्तम्भ-** महल १६ मा पन्ध्रौ योजनामा उल्लेखित जुन रणनीतिसँग यो कार्यक्रम/आयोजना सम्बन्धित छ सो रणनीति नम्बर उल्लेख गर्ने।
- **प्राथमिकताक्रम-** महल १७ मा विकास कार्यक्रम/आयोजनाको प्राथमिकता १ वा २ मध्ये कुन हो सो अनुरूप **P1** वा **P2** उल्लेख गर्ने।
- **दिगो विकास लक्ष्य संकेत-** महल १८ विकास कार्यक्रम/आयोजना दिगो विकासका १७ वटा लक्ष्यहरूमध्ये कुन कुनसँग सम्बन्धित छ, सो अुनरूप नम्बर उल्लेख गर्ने।
- **गरिबी निवारण संकेत-** महल १९ विकास कार्यक्रम/आयोजना गरिबी निवारण संकेत १, २ वा ३ मध्ये कुन हो सो अनुरूप अंक उल्लेख गर्ने।
- **लैङ्गिक संकेत-** महल २० विकास कार्यक्रम/आयोजना लैङ्गिक संकेत १, २ वा ३ मध्ये कुन हो सो अनुरूप अंक उल्लेख गर्ने।
- **जलवायु संकेत-** महल २१ विकास कार्यक्रम/आयोजना जलवायु संकेत १, २ वा ३ मध्ये कुन हो सो अनुरूप अंक उल्लेख गर्ने।
- आ.व. २०७८/७९ को विनियोजन क्षेत्रगत विनियोजनको सीमा भित्र रही गर्ने र सो को चालु, पुँजीगत वा वित्तीय व्यवस्थामा सम्बन्धित महलमा उल्लेख गर्ने। सो समेतको आधारमा पछिल्ला दुई आर्थिक वर्ष २०७९/८० र २०८०/८१ को खर्चको प्रक्षेपण गरी सम्बन्धित महलमा उल्लेख गर्ने।
- खर्च प्रक्षेपण गर्दा आगामी आ.व.मा सम्पन्न हुने आयोजनाका लागि पर्याप्त रकमको व्यवस्था गर्ने तथा सो सम्पन्न हुने अवधिपछि रकम व्यवस्था गर्ने।
- साधारण खर्चको हकमा तलब बाहेकको खर्चमा मुद्रास्फीतिलाई आधार मान्ने।
- स्रोत समितिले आँकलन गरेको स्रोत भित्र रहेर मात्र कुल खर्च प्रक्षेपण गर्ने।
- प्रक्षेपण गर्दा रकम बाँकी रहेमा नयाँ कार्यक्रम वा आयोजनाको लागि बाँकी रकम एकमुष्ट अनुमान गर्ने।

### ११. त्रिवर्षीय खर्चको स्रोत अनुमान तथा प्रक्षेपण

कार्यक्रमगत खर्चको स्रोतको विवरण उल्लेख गर्ने, वैदेशिक सहायता अनुमान गर्दा सम्झौता भइसकेको वा प्रतिबद्धताको क्रममा रहे सोको पुष्ट्याईं सहित तयार गर्ने।

(रकम रू. लाखमा)

| क्र. सं. | बजेट उपशीर्षक | कार्यक्रम /आयोजना | आ.व. २०७८/७९ को अनुमान | | | | आ.व. २०७९/८० को खर्च प्रक्षेपण | | | | आ.व. २०८०/८१ को खर्च प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | कुल | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | कुल | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

अनुसूची ६

## प्रति एकाइ लागत अनुमान

१२. प्रति एकाइ लागत

| क्र.स. | विषय क्षेत्र | प्रतिफल | एकाइ | प्रति एकाइ लागत (रू. हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

अनूसुची ७

## कार्यक्रम/आयोजना प्राथमिकीकरणका आधार

विकास आयोजना/कार्यक्रमलाई प्राथमिकीकरण गर्नको लागि समग्र विषयगत क्षेत्रलाई ५ क्षेत्रवटा प्रमुख क्षेत्रहरूमा वर्गीकरण गरी र त्यसअन्तर्गत पर्ने उपक्षेत्र देहाय बमोजिम छुट्याईएको छ।

| क्र.सं. | प्रमुख क्षेत्र | उपक्षेत्र |
|---|---|---|
| १ | आर्थिक क्षेत्र | उद्योग, वाणिज्य, आपूर्ति, पर्यटन, अर्थ र श्रम |
| २ | कृषि, भूमिसुधार तथा वन क्षेत्र | कृषि विकास, पशुपन्छी, भूमिसुधार तथा व्यवस्था र वन तथा भू-संरक्षण |
| ३ | पूर्वाधार क्षेत्र | सडक तथा अन्य यातायात, शहरी विकास, सिंचाई, सूचना तथा सञ्चार, विज्ञान तथा प्रविधि, ऊर्जा र स्थानीय पूर्वाधार विकास |
| ४ | सामाजिक क्षेत्र | शिक्षा, स्वास्थ्य तथा पोषण, महिला बालबालिका तथा समाज कल्याण, खानेपानी तथा सरसफाई र संस्कृति |
| ५ | सुशासन तथा अन्य क्षेत्र | माथि उल्लेखित वर्गीकरणमा नपरेका अन्य सम्पूर्ण क्षेत्रहरू जस्तैः जनसंख्या, वातावरण, गृह, रक्षा, योजना, तथ्यांक, विपद् व्यवस्थापन, न्याय, निर्वाचन, मानव अधिकार, आदि |

- विकास आयोजना/कार्यक्रमलाई प्राथमिकीकरण गर्नको लागि ६ वटा सामान्य आधार र २ वटा क्षेत्रगत आधारहरू तय गरी सामान्य आधारलाई कुल ६५ अंक र क्षेत्रगत आधारलाई कुल ३५ अंक राखिएको छ।
- कार्यक्रमलाई प्रथम प्राथमिकता प्राप्त (Priority 1 - P1 र द्वितीय प्रथमिकता प्राप्त (Priority 2 - P2) गरी २ वटा प्राथमिकताक्रममा वर्गीकरण गरिएको छः
- साधारण बजेटलाई ५ आधारमा $P_1$ र $P_2$ गरी २ वटा प्राथमिकीकरणमा वर्गीकरण गरिएको छ।

विकास कार्यक्रमको अंक प्रदान

| क्र.स. | योगदान | अंक |
|---|---|---|
| १ | प्रत्यक्ष र उल्लेखनीय योगदान गरेमा - अति उत्तम | ३ |
| २ | अप्रत्यक्ष र उल्लेखनीय योगदान गरेमा - उत्तम | २ |
| ३ | कम वा सामान्य योगदान गरेमा - सामान्य | १ |
| ४ | योगदान नपुऱ्याएमा - न्यून | ० |

**विकास कार्यक्रमको प्राथमिकीकरण**

| क्र.स. | कुल प्रासाङ्क | प्राथमिकता क्रम |
|---|---|---|

| | | |
|---|---|---|
| १ | ७५ वा सो भन्दा बढी अंक भएमा | पहिलो (P1) |
| २ | ७५ भन्दा कम अंक भएमा | दोस्रो (P2) |

सबै क्षेत्रमा लागू हुने पाँच वटा सामान्य आधारहरू सबै मन्त्रालय र निकायहरूमा प्रयोग गर्नुपर्ने र प्रत्येक क्षेत्रका लागि सम्बन्धित क्षेत्रगत दुई वटा आधारहरू प्रयोग हुने। यसरी सामान्य र क्षेत्रगत आधारहरूबाट प्राप्त अंक जोडी कूल प्राप्ताङ्क निर्धारण गर्ने।

**नोटः** माथि उल्लेख गरिएको आधार बमोजिम वर्गीकरण गर्दा कुनै क्षेत्रमा दुई तिहाई भन्दा बढी कार्यक्रम/आयोजना P1 अन्तर्गत परेमा P1 हुनको लागि आवश्यक न्युनतम अंक परिमार्जन गरी प्राथमिकीकरण वा स्तरीकरण (Ranking) गरिनेछ।

**(क) सामान्य आधारहरू**

**१. चालु आवधिक योजनाको फराकिलो आधारको समावेशी आर्थिक वृद्धिको लक्ष्य प्राप्तिमा योगदान पु¥याउनेः (१५ अंक)**

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने<br>क्षेत्रगत मूल्य अभिवृद्धि<br>क्षेत्रगत आय वृद्धि | अति उत्तम |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रूपमा योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका विषयहरूमा योगदान नपुऱ्याउने | न्यून |

**२. दिगो विकासका लक्ष्यहरू प्राप्तिमा योगदान पुऱ्याउनेः (१५ अंक)**

| | | |
|---|---|---|
| क | निम्न विषयहरूमा प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउने<br>- दिगो विकासको लक्ष्य १ (SDG 1) (सबै प्रकारका गरिबीको अन्त्य)<br>- दिगो विकासको लक्ष्य ८ (SDG 8) को पूर्ण र उत्पादनमूलक रोजगारी प्राप्ति/वृद्धि | अति उत्तम |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रूपमा योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका विषयहरूमा योगदान नपुऱ्याउने | न्यून |

**३. सहभागिताको अवस्थाः (५ अंक)**

| | | |
|---|---|---|
| क | निम्न क्षेत्र वा संस्थाहरू मध्ये कुनै एकको सहभागिता रहने | अति उत्तम |

| | | |
|---|---|---|
| | - नागरिक समाज, सामुदायिक संस्था, गैरसरकारी संस्था, उपभोक्ता समूह वा सेवाग्राही, वा<br>- स्थानीय तह वा प्रदेश, वा<br>- निजी क्षेत्र | |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रूपमा योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका विषयहरूमा योगदान नपुऱ्याउने | न्यून |

**४. समावेशीकरणमा योगदानः** **(१० अंक)**

**(क) क्षेत्रीय समावेशीकरणमा योगदान** **(भार ५० प्रतिशत)**

| | | |
|---|---|---|
| क | मानव विकास सूचकांकमा तलदेखि १९ औं स्थानसम्मका जिल्लाहरूमा सञ्चालित हुने आयोजना/कार्यक्रम | अति उत्तम |
| ख | मानव विकास सूचकांकमा तलदेखि २० औं देखि ३८ औं स्थानसम्मका जिल्लाहरूमा सञ्चालित हुने आयोजना/कार्यक्रम | उत्तम |
| ग | मानव विकास सूचकांकमा तलदेखि ३९ औं देखि ५७ औं स्थानसम्मका जिल्लाहरूमा सञ्चालित हुने आयोजना/कार्यक्रम | सामान्य |
| घ | मानव विकास सूचकांकमा तलदेखि ५८ औं देखि ७७ औं स्थानसम्मका जिल्लाहरूमा सञ्चालित हुने वा क्षेत्रीय सन्तुलनमा स्पष्ट योगदान नपुऱ्याउने आयोजना | न्यून |

**(ख) सामाजिक समावेशीकरण र लैंगिक मूलप्रवाहीकरणमा योगदानः** **(भार ५० प्रतिशत)**

| | | |
|---|---|---|
| क | सामाजिक र लैंगिक मूलप्रवाहीकरण, समानता र सशक्तीकरण (SDG 5) लाई प्रत्यक्ष तथा उल्लेख्य रूपमा बढावा दिने | अति उत्तम |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रूपमा योगदान पुऱ्याउने | उत्तम |
| ग | माथिका विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य |
| घ | माथिका विषयहरूमा योगदान नपुऱ्याउने | न्यून |

**५. आयोजनाको पूर्व कार्य प्रगति, सम्पन्न हुन लाग्ने समय वा कार्यान्वयन तयारी कार्य (२० अंक)**

| | | |
|---|---|---|
| क | **चालु आयोजनाको लागि**<br>• गत आ.व. को दोस्रो चौमासिकसम्मको औषत भौतिक तथा वित्तीय प्रगति ८० प्रतिशत वा सो भन्दा माथि रहेको, वा<br>• आगामी आ.व.मा आयोजना सम्पन्न हुने सुनिश्चित रहेको, वा<br>**नया आयोजनाको लागि**<br>आयोजना कार्यान्वयन तयारी कार्य पूरा भएको। | अति उत्तम |
| ख | **चालु आयोजनाको लागि**<br>• गत आ.व. को दोस्रो चौमासिकसम्मको औषत भौतिक तथा वित्तीय प्रगति ६५ प्रतिशत देखि ८० प्रतिशतसम्म रहेको, वा<br>• आगामी दुई वर्षमा आयोजना सम्पन्न हुने सुनिश्चित रहेको, वा<br>**नयाँ आयोजनाको लागि**<br>• आयोजना कार्यान्वयन तयारी कार्य अन्तिम चरणमा रहेको। | उत्तम |
